संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम

UNDP

# वार्षिक प्रतिवेदन २०१९

युएनडीपी नेपाल

# विषयसूची


प्राक्कथन ५
दिगो विकासका लक्ष्यहरू र युएनडीपी ७
तथ्याङ्कमा सन् २०१९ का उपलब्धिहरू ८

खण्ड १
**समावेशी आर्थिक वृद्धिको प्रवर्द्धन** **१०**
फिचर : जीवनशैलीको पुनःस्थापना र पारिवारिक कर्मको पुनर्प्राप्ति २१

खण्ड २
**लोकतान्त्रिक शासन व्यवस्था र विधिको शासन प्रवर्द्धन** **२२**
फिचरः भिडियो संवादको सुविधाका कारण जनतासँग नजिक हुँदै नेपालका सांसद ३३

खण्ड ३
**उत्थानशीलता प्रवर्द्धन** **३४**
फिचरः ध्यानबहादुर पानी-घट्ट पुनःस्थापित गर्दै ४५

खण्ड ४
**लैङ्गिक समानता र सामाजिक समावेशीकरण** **४६**
फिचरः बाधा पन्छाएर सफलताः अटो मर्मतमा महिला ४९

**संयुक्त राष्ट्रसंघीय स्वयंसेवक संस्था** **६०**
**युएनडीपी नेपाल र संयुक्त राष्ट्रसंघीय प्रणाली** **६२**
**आर्थिक सहयोग र साझेदारी** **६४**

**योगदान पुऱ्याउने साझेदारहरू** **६६**
**युएनडीपी नेपालको स्थानीय तहमा उपस्थिति** **६९**



नुवाकोटमा नवनिर्मित स्वास्थ्य चौकीमा नर्स। सन् २०१५ को भूकम्पमा भत्किएका १० वटा स्वास्थ्य चौकी २०१९ माकोरिया इन्टरनेसनल कोअपरेसन एजेन्सी (कोइका) को सहयोगमा युएनडीपीले पुनर्निर्माण गरेको छ। © कमलराज सिग्देल/युएनडीपी



# प्राक्कथन

सन् २०१९ मा युएनडीपीले नेपालमा गरेको काममा दिगो विकास लक्ष्यले प्रमुखताका साथ स्थान पायो। सन् २०३० सम्ममा सबै मानिसले शान्ति र समृद्धिको सुनिश्चिततासहित पृथ्वीको संरक्षण र गरिबी अन्त्यका लागि संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले अंगीकार गरेको बृहत् तथा निश्चिन्त प्रयासअन्तर्गत यो युएनडीपीले विश्वभर जारी राखेको प्रयासको अत्यावश्यक अंग हो।

समावेशी आर्थिक वृद्धि, लोकतान्त्रिक शासन, कानुनी शासन र मानव अधिकार तथा उत्थानशीलता, विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तनमा केन्द्रित रहेको हाम्रो अर्को एउटा व्यस्त वर्षका क्रियाकलापहरू यो प्रतिवेदनले प्रकाश पारेको छ।

समावेशी आर्थिक वृद्धितर्फ सरकारसँगको हाम्रो कामले आर्थिक रूपमा जोखिममा रहेका तथा बेरोजगार मानिसका लागि दिगो जीविकोपार्जन, सुरक्षित तथा सम्मानजनक रोजगारी तथा आम्दानी अवसरमा पहुँच सुधारतर्फ अग्रसर गराएको छ। नेपालले हासिल गर्न चाहेको आर्थिक वृद्धि सुदृढ जीवन तथा गुणस्तरमा परावर्तित होस् भन्ने सुनिश्चितता यसको प्रमुख ध्येय हो।

सन् २०१९ मा संघीय प्रक्रियालाई सघाउनका लागि युएनडीपीले सरकार र नागरिक समाजसँगको कामलाई निरन्तरता दियो। यो प्रक्रियाले निरन्तर रूपमा गतिशीलता निर्माण गरिरहँदा युएनडीपीले कानुनी शासन, सामाजिक न्याय र मानव अधिकारका लागि लोकतान्त्रिक संस्थाको सुदृढीकरणमा सहयोग गर्न आफ्नो फरक विज्ञता तथा अनुभव ल्याउन सकेको छ। विशेषगरी जोखिममा परेका समुदायसहित सबै नेपाली जनताले नयाँ प्रणालीको पूर्ण लाभ अनुभव गर्न सकुन् भन्ने यसको ध्येय हो।

यसको अलग र भिन्न वातावरणको सुन्दरतासहित धेरै हिसाबले नेपाल महत्वपूर्ण देश हो। तर जलवायु तथा प्राकृतिक विपद्का कारण यस्ता प्राकृतिक सौन्दर्यता जोखिममा पर्न सक्छ। जलवायु जोखिमलाई प्रभावकारी रूपमा सम्बोधन गर्न सक्ने सीप विकास गर्दा नेपाललाई बढी सुरक्षित र उत्थानशील बनाउन सकिन्छ। नेपाललाई विपद्को तयारी र यसबाट चाँडै पुनरुत्थानका लागि युएनडीपीले नेपाललाई गर्ने सहयोगलाई निरन्तर रूपमा बढाइरहेको छ। विपद् हुँदाको अवस्थाको सामनाका लागि देशलाई ज्ञान र सीपसहित सुसज्जित गराउँदा र अनुभवबाट सिक्दा लामो समयसम्म नेपाली जनतालाई बलियो र बढी उत्थानशील बनाउँछ।

संयुक्त राष्ट्रसंघले आफ्नो जिम्मेवारी सुधारको कामलाई निरन्तरता दिएको छ। संस्थाको बृहत् परिवर्तनले नयाँ व्यवस्थापन संरचनाको स्थापना गरेको छ जसको उद्देश्य प्रक्रियालाई सरलीकृत गर्नु र पारदर्शिता सुधार्नु हो। संयुक्त राष्ट्रसंघीय आवासीय प्रतिनिधि र युएनडीपी आवासीय संयोजकको भूमिका छुट्टिएसँगै नेपालमा युएनडीपी व्यवस्थापन हुने शैलीमा पनि यसले परिवर्तन ल्याएको छ। यो परिवर्तनको भावनाअनुसार नेपाली जनता र नेपाल सरकारलाई नवीन र उत्साहित विकास समाधान प्रदान गर्नका लागि म निरन्तर काम गर्न चाहन्छु।

**आइशानी मेडागंगोडा लाबे**
आवासीय प्रतिनिधि
युएनडीपी नेपाल



SUSTAINABLE DEVELOPMENT GOALS



संयुक्त राष्ट्रसंघ आवासीय संयोजक कार्यालय र जनकपुर महिला विकास केन्द्रको सहकार्यमा दिगो विकास लक्ष्यका लोगोहरू मिथिला कलामा बनाइएको हो । चित्रकला: जनकपुर महिला विकास केन्द्र

# दिगो विकास लक्ष्यहरू

देशको जटिल विकास चुनौती सम्बोधनका लागि दिगो विकास लक्ष्यको सिद्धान्तले एउटा दृष्टिकोण निर्माण गरोस् भन्ने सुनिश्चितताका लागि युएनडीपीले नेपाल सरकारलाई सघाउनुका साथै सँगै काम गरिरहेको छ।

लोकतान्त्रिक शासन प्रवर्द्धन गर्नु युएनडीपीको महत्वपूर्णमध्ये एउटा काम हो। यसमा नेपालको नयाँ संघीय संरचनालाई सघाउनु पनि एक हो। विशेषगरी संघीय संसद्, राष्ट्रिय योजना आयोग, प्रदेश सरकार र स्थानीय तहसहित हामीले विभिन्न संघसंस्था, थिंक-ट्यांक र नागरिक समाजसँग सुशासन प्रवर्द्धनका लागि काम गरेका छौं। यो कामले दिगो विकास लक्ष्यको विभिन्न सहायक प्लेटफर्म स्थापना गर्न, उदाहरणका लागि : जिम्मेवार वितरण, दिगो सहरहरू, उत्थानशील पूर्वाधार र नीतिगत एकरूपता तथा अनुसन्धान, सहयोग गरेको छ।

**सहयोगहरू**

हामीले प्रदेश सरकारलाई उनीहरूको दिगो विकास लक्ष्य आधार प्रतिवेदन तयारीका लागि सन् २०१९ मा सहयोग गरेका छौं, जसले उनीहरूको विकास योजना र दृष्टिकोणका लागि बाटो खोलिदिएको छ। गण्डकी र प्रदेश ५ गरी दुई प्रदेश सरकारले आफ्नो पहिलो आधार प्रतिवेदन प्रकाशित गरिसकेका छन् भने अन्य प्रदेश सरकार प्रकाशनको तयारीमा छन्।

राष्ट्रिय तहमा युएनडीपीको परियोजनाले राष्ट्रिय योजना आयोगलाई १५ औं पञ्चवर्षीय योजनाको आधारपत्र तयार पार्नको सहायता गरेको छ भने दिगो विकास लक्ष्य सम्बन्धी उच्चस्तरीय राजनीतिक मञ्चमा सहभागिताका लागि पनि सहयोग गरेको छ।

स्थानीय सरकारलाई आफ्नो योजना र बजेटमा दिगो विकास लक्ष्यहरू एकीकृत गर्न सघाउने उद्देश्यले राष्ट्रिय योजना आयोगले पृष्ठभूमिपत्र तयार पार्दा पनि युएनडीपीले सहयोग गरेको छ।

र, यूनएनडीपीले सबै सातै प्रदेशको स्थानीय सरकारसँग नमुना परियोजनामा सहलगानी गरेको छ जसले स्थानीय सरकारको दिगो विकास लक्ष्य उपलब्धिको गति बढाउन सहयोग गरेको छ।

सन् २०३० सम्ममा गरिबी अन्त्य, पृथ्वीको संरक्षण र सबैले शान्ति र समृद्धिको लाभ पाउन भन्ने सुनिश्चितताका लागि विश्वव्यापी अभियान दिगो विकास लक्ष्य युएनडीपीको कामको महत्वपूर्ण अंग हो।

**ती परियोजनाहरू**

- यौनिक अल्पसंख्यक र अन्य जोखिमयुक्त समुदायका लागि सीप तालिम (बुटवल)
- युवा उद्यमशीलता सहायता (पाल्पा)
- जलवायु स्मार्ट भिलेज (धनकुटा)
- सामाजिक भावना र एकता प्रवर्द्धनका लागि बहुसांस्कृतिक पार्क (सुनसरी)
- सर्पदंश उपचार केन्द्र (धनुषा)

यी परियोजनाबाट १४ स्थानीय तहका १७ हजारभन्दा बढी मानिसलाई प्रत्यक्ष लाभ पुगेको छ।

नर्वे सरकारसँग मिलेर स्थापना गरिएको युएनडीपीको संसद् सहायता परियोजना (पार्लियामेन्ट सपोर्ट प्रोजेक्ट) ले संघीय संसदको तीन सय बढी सदस्यलाई दिगो विकास लक्ष्यको सद्भावना दूत बन्नका लागि सहायता प्रदान गरेको छ। संघीय संसद्मा अहिले दिगो विकास लक्ष्यको स्रोत केन्द्र पनि छ, जसले सांसदहरूलाई दिगो विकास लक्ष्यबारेको जानकारीमा पहुँचका लागि सहजता थपेको छ।

दिगो विकास लक्ष्य हासिलका लागि कुनै देशलाई सहयोग गर्न तथा यो क्रममा उनीहरूले गर्ने प्रगति मापनका लागि विश्वसनीय तथ्यांकमा पहुँच हुनु महत्वपूर्ण हुन्छ। नयाँ संघीयताको सन्दर्भमा एकीकृत तथ्यांक नभएकाले युएनडीपीले केन्द्रीय तथ्यांक विभागलाई दिगो विकास लक्ष्य आधारित अनलाइन राष्ट्रिय डाटा पोर्टल निर्माणका लागि सहयोग छ। यो डाटा पोर्टल पूर्ण रूपमा विकास भएपछि दिगो विकास लक्ष्यको उपलब्धितर्फ अघि बढ्न नेपाललाई तथ्यांकमा आधारित योजना तथा अनुगमन प्रक्रियाका लागि सहयोग पुग्छ।

युएनडीपीले एक्सिलेटर ल्याब पनि सञ्चालन गरेको छ। दिगो विकास लक्ष्य हासिल गर्नका लागि नवीनतम सोचलाई प्रवर्द्धनमा नेपाललाई सघाउनु यसको उद्देश्य हो। यसले बेरोजगारी र सहरीकरणकाको चुनौतीलाई व्यावहारिक प्रतिकार्य निर्माण गरेर आफ्नो महत्व दर्साइसकेको छ।

## समावेशी आर्थिक वृद्धिको पक्षपोषण

भूकम्प प्रभावित जिल्लाहरूमा ७५ हजारभन्दा बढी (५२ प्रतिशत महिला) लाभान्वित हुने गरी सिँचाइ कुलो र खानेपानी योजनाजस्ता

**१३०**

वटा सामुदायिक पूर्वाधारको निर्माण।

उच्च मूल्यको फलफूल तथा तरकारी उत्पादन, कम्पोस्ट मल र जैविक खेतीको तालिमसहित अप्टिमल खेती अभ्याससम्बन्धी तालिममार्फत

**५,०००**

किसान (४० प्रतिशत) महिलालाई आय वृद्धिका लागि सहयोग।

कृषि विकासका लागि प्रभावकारि रूपमा कार्यक्रम र बजेट बनाउनका लागि ३७ स्थानीय सरकारका

**३००**

बढी जनप्रतिनिधि (२७ प्रतिशत महिला) को क्षमता अभिवृद्धि। पाँच स्थानीय सरकारले आफ्नो कृषि योजना बनाउने काम सुरु गरेका छन्।

देशभर

**२०,०००**

भन्दा बढी अतिरिक्त लघु उद्यमी निर्माणका लागि संघीय सरकारलाई सहायता। यूएनडीपीको सहयोगमा नेपालले पछिल्लो दुई दशकमा १ लाख ६५ हजारभन्दा बढी लघु उद्यमीहरू विकास गरेको छ।

विभिन्न स्थानीय निकायसँगको साझेदारीमा १७ वटा दिगो विकास लक्ष्य स्थानीयकरण परियोजना कार्यान्वयन,

**१७,०००**

मानिस लाभान्वित।

# तथ्याङ्कमा

## लोकतान्त्रिक शासनको प्रवर्द्धन

यूएनडीपीद्वारा प्रशिक्षित देशभरका वकिल र निःशुल्क कानुनी सहायतामार्फत

**६००**

भन्दा बढी मानिस (२ सय ५३ महिला) लाई सहयोग।

शृंखलाबद्ध प्रशिक्षणको माध्यमबाट समावेशी निर्वाचन प्रक्रिया र प्रभावकारी विवाद समाधानको विषयमा निर्वाचन आयोगका कर्मचारी, राजनीतिक नेतृत्व, पत्रकार र अन्य निर्वाचन सरोकारवाला गरी

**१,८००**

भन्दा बढी (३० प्रतिशत महिला) को क्षमता अभिवृद्धि।

एकीकृत कानुनी सहायता नीति तर्जुमाका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई सहायता। नेपालमा कानुनी सहायता सेवाको मापदण्ड तय गर्दै महिला तथा जोखिममा परेका समुदायको न्यायमा सुदृढ पहुँच सुनिश्चित गर्नु नीतिको उद्देश्य रहेको।

कानुनको समीक्षा र कानुन निर्माणको समावेशी प्रक्रियाको विषयमा

**६००**

भन्दा बढी संघीय र प्रदेश सांसदहरूको क्षमता अभिवृद्धिका लागि सहायता।

**६**

प्रदेशमा आवधिक योजनाबारे जानकारी दिन दिगो विकास लक्ष्यको आधार प्रतिवेदन सुरु भएको छ वा तयार भएको।

# उत्थानशीलता निर्माण

**१२,०००**
भन्दा बढी मानिसलाई विद्युत् प्राप्तिका लागि सहयोग। यूएनडीपीले पछिल्लो दुई दशकमा लघु विद्युत् परियोजनाबाट ३०४.५८ गिगावाट आवर विद्युत् उत्पादनका लागि नेपाल सरकारलाई प्राविधिक सहायता प्रदान गरेको छ।

सन् २०१५ को भूकम्पपछि प्रत्यक्ष सहयोगमार्फत
**२३,०००**
भन्दा बढी घर उत्थानशील घर निर्माणको साथै संहिता पालना गरिएको घरको नक्सांकन, भवन निर्माण अनुमति, आवास अनुदानमा पहुँच र स्रोत पहिचानका लागि सहायता।

**८०**
भन्दा बढी जलवायु उत्थानशील विकास परियोजनाको डिजाइन र कार्यान्वयन, जलवायु जोखिममा रहेका जिल्लामा ५१ प्रतिशत महिलासहित ७१ हजार मानिस लाभान्वित। पछिल्ला ६ वर्षमा यूएनडीपीले यस्ता २ हजार ५ सयवटा परियोजना कार्यान्वयन गरेको छ, जसबाट ६ लाख बढी मानिस प्रत्यक्ष लाभान्वित भएका छन्।

# उपलब्धिहरू

निर्माणमा आधारित उद्यमको तालिम र भूकम्प प्रभावित उद्यमको पुनःस्थापनाजस्ता जीविकोपार्जन पुनरुत्थान क्रियाकलापमार्फत उच्च जोखिममा रहेका
**५००**
घरलाई सहायता।

युएनडीपीले अन्य विकास साझेदाहरुसंगको साझेदारमा नेपाल सरकार र नेपाली जनतालाई सहयोग गरिरहेको छ। माथि उल्लेखित सबै तथ्यांकहरु कुनै सरकारले नेतृत्व लिएको परियोजनामा युएनडीपीद्वारा सहयोग गरेको वा कार्यान्वयन गरेको उपलब्धिहरु उल्लेखित छन्।

उत्थानशील र किफायती आवास निर्माण तरिकाबारे
**२,०००**
भन्दा बढी डकर्मीलाई तालिम।

खण्ड १


# समावेशी आर्थिक वृद्धिको प्रवर्द्धन

**आर्थिक वृद्धि जीवनस्तरको सुधार र सुदृढ विकल्पमा परावर्तित होस् भन्ने सुनिश्चितताका लागि काम गर्दै ।**

देश र त्यहाँका जनता नै आफ्नो दिगो विकास रणनीति बुझ्न र निर्माण गर्न उपयुक्त हुन् भन्ने युएनडीपीले विश्वास गर्छ। त्यसकारण नेपाल र नेपालका जनतालाई गरिबी निवारणको लडाइँ र बहुआयामिक असमानता सम्बोधनका लागि सहयोग गर्न प्रतिबद्ध छ। क्षमता अभिवृद्धिका लागि सुहाउँदो वातावरण निर्माण गर्नुका साथै उद्यमशीलता विकास तथा रोजगारीको सिर्जनाजस्ता काममार्फत तल्लो तहसम्म ठोस सहयोग पुऱ्याउनका लागि मुख्य भूमिका खेल्ने युएनडीपीको चाहना छ।

सन् २०१९ मा युएनडीपीले आर्थिक रूपले जोखिममा रहेका तथा बेरोजगारहरूलाई दिगो जीविकोपार्जन, सुरक्षित र सम्मानजनक रोजगारी र आयका अवसरमा पहुँच सुधार गर्ने नेपाल सरकारको प्रयासलाई सघाएको छ। नेपालले हासिल गर्न चाहेको आर्थिक वृद्धि जीवनस्तर सुधार र सुदृढ विकल्पहरूमा परावर्तित होस् भन्ने युएनडीपीको ध्येय हो।





सन् २०१९ मा गरिएको योगदानको कारण लघु उद्यम विकास, जीविकोपार्जन र सामुदायिक पूर्वाधारको पुनरुत्थान, नवीकरणीय ऊर्जा, सहकारीलाई सहायता, मूल्य शृंखला र बजार शृंखलाको विकासले दुई लाख मानिसमा पहुँच पाएको छ।

नीतिगततर्फ युएनडीपीले सरकारलाई प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम क्षेत्र सुधारका लागि जानकारी व्यवस्थापन प्रणालीको विकास, दिगो विकास लक्ष्यसँग मिल्ने गरी सहायता व्यवस्थापन प्रणालीको स्थानीयकरण, स्थानीय सरकारको योजना र बजेटमा लघु उद्यम विकास मोडलको स्थानीयकरण, १५ औं राष्ट्रिय विकास योजनासहित राष्ट्रिय योजनामा दिगो विकास लक्ष्य एकीकृत गर्नका लागि सहयोग गरेको छ।

## लघु उद्यम प्रवर्द्धन

**तालिम र नीतिगत अभियानमार्फत लघु उद्यमशीलता प्रोत्साहनका कारण १ लाख ६५ हजारभन्दा बढी गरिब र सीमान्तकृत मानिसले आफ्नो जीवन, आय र जीविकोपार्जन सुधार्ने अवसर पाएका छन्।**

युएनडीपीको महत्वपूर्ण परियोजना लघु उद्यम विकास कार्यक्रम (एमईडीईपी) ले विगत दुई दशकमा मानिसलाई उद्यमशीलतामा जोड्न नेपाल सरकार र समुदायसँग निकट रहेर काम गरेको छ। यो सफलताको जगमा रहेर र यस्तो हस्तक्षेपको दिगोपनाको उद्देश्यसहित सन् २०१९ मा युएनडीपीले एमईडीईपी बन्द गरेको छ र नयाँ चरण सुरु गरेको छ।

अस्ट्रेलियन सरकारको आर्थिक सहयोगमा नेपाल सरकार र युएनडीपीले तीनै तहको सरकारमा गरिबी निवारणका लागि लघु उद्यम (एमईडीपीए) परियोजना कार्यान्वयनका लागि प्राविधिक सहायता प्रदान गरिरहेका छन्। विशेषगरी दुई दशक लामो एमईडीईपीको लामो अनुभव अनुकूलन हुने गरी र सोही अनुभवमा आधारित रहेर सरकारद्वारा सञ्चालित गरिबी निवारणका लागि लघु उद्यम युएनडीपीको प्राविधिक सहयोगमा विकास गरिएको हो। राष्ट्रिय ढुकुटीबाट महत्वपूर्ण आर्थिक सहायतासहित यो परियोजना ७७ वटै जिल्लामा कार्यान्वयन भएको छ। सन् २०१९ को डिसेम्बरसम्ममा लघु उद्यम विकास कार्यक्रम र गरिबी निवारणका लागि लघु उद्यम विकासले गरी १ लाख ६५ हजारभन्दा बढी लघु उद्यमी निर्माण गरेका छन्। यीमध्ये अधिकांश गरिब, अति सीमान्तकृत र वञ्चित समूह पृष्ठभूमिका हुन्। तीन चौथाइ लघु उद्यमी महिला हुन्, २५ प्रतिशत दलित, ३९ प्रतिशत आदिवासी र २० प्रतिशत मधेसी हुन्।

सन् २०१९ मा गरिबी निवारणका लागि लघु उद्यम (एमईडीपीए) कार्यक्रमलाई जिल्ला घरेलु तथा साना उद्योग विकास कार्यालयमार्फत स्थानीय तहमा कार्यान्वयनका लागि प्रदेश सरकारलाई सघाउने काम पनि युएनडीपीको प्राविधिक सहायताअन्तर्गत भएको थियो। यसको कार्यान्वयनले २१ हजार ८ सयभन्दा बढी



t दिगो विकास स्थायीकरण परियोजना अन्तर्गत नमूना महिला उद्यमी कार्यक्रममा सिन्धुलीका महिलाहरूले बेसारको प्रशोधन तथा प्याकिङ गर्दै। © **युएनडीपी**



मलाई उद्यमी बनाएर जीवन परिवर्तन गरिदिएकामा मेडेप र युएनडीपीलाई धन्यवाद। तालिम लिएपछि मैले मौरीसहित ५२ वटा मौरी पाल्ने भाँडो र ९० किलो मह बेचेर ३ लाख २० हजार कमाएँ। तालिम दिएर थप ३५ हजार पनि पाएँ।

**टीका अवस्थी**
३२ वर्ष, नवदुर्गा गाउँपालिका, गजेला

लघु उद्यमीहरू जन्मिए, जसमध्ये ८३ प्रतिशत महिला हुन्।

गरिबी निवारण र रोजगारी सिर्जनामार्फत यो परियोजनाले आर्थिक विकासमा गरेको योगदानलाई मनन गर्दै नेपाल सरकारले यसलाई उच्च प्राथमिकतामा राखेको छ। सरकारले आर्थिक वर्ष २०७६/७७ मा यो परियोजना कार्यान्वयनका लागि सर्तसहितको अनुदान दिने गरी १ अर्ब १० करोड रूपैयाँ विनियोजन गरेको छ।

लघु उद्यम विकासको मोडललाई स्थानीय तहमा संस्थागत गर्नुको एउटा प्रमुख कारण स्थानीय सरकारसँग लघु उद्यम विकास क्रियाकलापका लागि पर्याप्त क्षमता र स्रोत होस् भन्ने सुनिश्चितता गर्नु पनि हो। यसैकारण स्थानीय अर्थतन्त्र वृद्धि र गरिबी निवारणका लागि प्रभावकारी देखिएकाले सन् २०१९ मा मात्र स्थानीय सरकारका नेतृत्वमा रहेका ६ हजार १ सय ११ वटा स्थानीय सरकारका कर्मचारीलाई लघु उद्यम विकासका मोडलबारे तालिम दिइएको थियो। योसँगै लघु उद्यम मोडलमा क्षमता अभिवृद्धि गरिएका स्थानीय सरकारको संख्या ७ सय ४६ पुगेको छ। फलस्वरूप कुल २ सय १३ वटा स्थानीय सरकारले आफ्नो आर्थिक वर्ष २०७६/७७ को बजेटमा लघु उद्यम विकासका लागि कुल ६१ लाख अमेरिकी डलर बजेट विनियोजन गरेका छन्।

लघु उद्यम विकास मोडल समावेश होस् भन्ने सुनिश्चितताका लागि १५ औं पञ्चवर्षीय आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन र उद्योग व्यवसाय नियमन, २०७६ जस्ता संघीय र प्रदेश सरकारका नीतिहरूमा युएनडीपीले प्राविधिक सुझाव प्रदान गरेको छ। दक्षता र पारदर्शिता वृद्धितर्फको उल्लेखनीय कामका रूपमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमले पहिलो पटक विद्युतीय ठेक्का प्रणाली सफलतापूर्वक लागू गरेको छ। युएनडीपीले ठेक्का मूल्यांकनका लागि सफ्टवेयर निर्माणका लागि सहायता प्रदान गर्नुका साथै सिकाइ भ्रमण, संयुक्त अनुगमन, व्यवसाय विकास सेवाको खरिद र लैंगिक समानता र सामाजिक एकता व्यवस्थापन जानकारी प्रणाली तालिममार्फत ६ सय ४३ जना प्रदेश तथा जिल्ला तहका कर्मचारीको क्षमता अभिवृद्धि गर्न पनि सघाएको छ।

“एक कृषक आफ्नो खेतबाट उखेलिएको सागसँगै। यदि किसानहरुको भूमिका मूल्य श्रृङ्खलामा सुदृढ भयो भने उनीहरुले फलफूल तथा तरकारीको उत्पादन गुण र मात्रा दुवैमा उल्लेखनीय रुपमा बढाउन सक्दछन्।”
**प्रकाश तिमल्सिना, युएनडीपी नेपाल**






किसानहरु आफ्नो तरकारी विक्री गर्दै । आवादी भित्र्याएपछिको क्षतिलाई न्यूनीकरण कसरी गर्ने भन्नेबारेमा ज्ञान पाएभने किसानहरुले उनीहरुको आय बढाउन सक्छन् ।
© **युएनडीपी नेपाल**

# कृषकको आयमा सुधार

**मूल्य शृंखलाको विकास, लक्षित तालिम, कृषि सुझावको प्रावधान, सहकारीको विकास, नीतिगत सहायता, किसानलाई नयाँ अभ्यासको जानकारी, उनीहरूको बजारमा पहुँच अभिवृद्धि र उनीहरूको उत्पादनको निष्पक्ष मूल्य ।**

नेपालको अर्थतन्त्र लामो समयदेखि कृषिमा आधारित छ । यहाँका करिब ८० प्रतिशत मानिस प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषिमा संलग्न छन् । तर पनि नेपाल आयातित खाद्यान्नमै निर्भर छ । उदाहरणका लागि आर्थिक सर्वेक्षण २०१७/१८ का अनुसार २०१८ मा मात्रै नेपालको खाद्यान्न व्यापार घाटा ७१ हजार ४ सय टन थियो । कृषिमा आधारित भए पनि आयातित खाद्यान्नमा निर्भर हुनुपर्ने अवस्था हुनुमा विभिन्न कारण हुन सक्छन् । जस्तो : सीमित पूर्वाधार (नेपालमा ७० प्रतिशत कृषि वर्षाको पानीमा निर्भर छ), थोरै जमिनमा हुने खेती (३ मध्ये २ कृषकसँग ०.२५ हेक्टरभन्दा कम जमिन छ), मानव स्रोतको अभाव, बाली भित्र्याउँदा हुने क्षति र बजारमा पहुँचको कमी । सहकारी संस्थाहरूको सशक्तिकरण र संलग्नता र विशेष तरकारी र फलफूलका बजार मूल्य शृंखला विकास गर्दै यी समस्या सम्बोधनका लागि युएनडीपीले सघाइरहेको छ ।

कोइकाको आर्थिक सहयोगमा सञ्चालिन युएनडीपीको फलफूल तथा तरकारीका लागि मूल्य शृंखला विकास परियोजनाले उत्पादकत्व वृद्धिमा लक्षित हस्तक्षेप, बाली फलेपछिको खर्च न्यूनीकरण र बजार निर्माणको माध्यमबाट साना किसानको आम्दानी वृद्धि गर्न नेपाल सरकारलाई सघाइरहेको छ ।

सन् २०१९ मा ५ हजारभन्दा बढी कृषकलाई सुधारिएको कृषि शैली र तथ्यांक राख्ने तालिम दिइएको थियो भने बीउ, मल र अन्य औजारहरू उपलब्ध गराइएको थियो। कृषकलाई आफ्नो सिकाइको परीक्षण गर्नका लागि २ सय ८० वटा कृषि प्रदर्शनीहरू स्थापना गरिएको छ। परियोजनामार्फत चिस्यान केन्द्र, कम्प्युटर, डिजिटल मूल्यसूची बोर्ड र पिक-अप ट्रकसहितका २६ संकलन केन्द्र निर्माणमा सहायता प्रदान गरेपछि किसानहरूले बजारमा पहिलेभन्दा बढी सहज पहुँच पाएका छन्।

किसानका परियोजनाको स्वामित्व सुनिश्चितताका साथै यो अभियानको वित्तीय तथा सामाजिक दिगोपनाको सुरक्षाका लागि परियोजनाले स्थानीय सरकारका प्रतिनिधि र अधिकारीहरूलाई पनि संलग्न गराएको छ। तीन सयभन्दा बढी स्थानीय सरकारका प्रतिनिधि (जसमध्ये एक चौथाइभन्दा बढी महिला) लाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार कृषि विकासका लागि उनीहरूको भूमिका र जिम्मेवारीको विषयमा तालिम दिइएको छ। युएनडीपीको प्राविधिक सहायताले परियोजनाबाट सञ्चालित क्रियाकलापलाई सम्बन्धित स्थानीय सरकारको क्रियाकलापसँग एकीकरण गर्न र संयुक्त लगानी गर्न सहयोग पुगेको छ। फलस्वरूप ३७ वटा स्थानीय सरकारले कुल ३ लाख १५ हजार अमेरिकी डलर किसानका परियोजनामा खर्च गरेका छन्। फलफूल तथा तरकारीको मूल्य शृंखला विकास परियोजनाका क्रियाकलापहरू नेपाल सरकारको कृषि विकास रणनीति अनुरूपका छन्। यसले दिगो विकास लक्ष्यको १ नम्बर लक्ष्य शून्य गरिबी र २ नम्बर लक्ष्य शून्य भोकमरीको लक्ष्य हासिलका लागि योगदान गर्छ।

विशेषगरी फलफूल तथा तरकारीको मूल्य शृंखलामा प्रमुख भूमिका खेल्न युएनडीपीले किसानहरूको सहकारीलाई सशक्तिकरण गरिरहेको छ। स्वयंसेवा, लोकतन्त्र, गुणस्तर र सद्भावको सिद्धान्तबाट प्रेरित भई संगठित भएका नेपालका सहकारीहरूसँग समावेशी वृद्धि र दिगो विकास लक्ष्य प्रवर्द्धन गर्ने सम्भावना भएको क्षेत्र हो। यसकारण युएनडीपीले सहकारी बजार विकास कार्यक्रममार्फत यस्ता सहकारीको विकासमा सघाउन भूमि व्यवस्थापन, सरकारी तथा गरिबी निवारण मन्त्रालयसँग हातेमालो गरेको छ।

सन् २०१९ मा सहकारी विकास कार्यक्रमले फलफूल तथा तकारीका ७२ वटा विशेष उत्पादन क्षेत्र (पकेट) मा कार्यरत प्रदेश ३ का ७१ वटा सहकारीलाई तालिम दिएको छ। यी सहकारीहरू सक्रिय रूपमा संलग्न भएसँगै यो कार्यक्रमले काठमाडौँसँग जोडिएका विभिन्न जिल्लामा ४८ वटा प्राथमिक संकलन केन्द्र र काठमाडौंको चाबहिलमा एक प्रमुख बजार केन्द्र स्थापना गरेको छ। यसले २२ हजार किसानलाई बजारमा शृंखलामा पहुँच पुऱ्याउन र आफ्नो उत्पादनको उचित मूल्य प्राप्तिका लागि सघाउने अनुमान छ।

युएनडीपीले १ हजार १ सयभन्दा बढी सहकारी सदस्यलाई विभिन्न ३८ वटा लक्षित तालिम कार्यक्रममार्फत सहकारीको प्रभावकारी व्यवस्थापन, मुख्य सिद्धान्त र मूल्य तथा सहकारीका नियम तथा कानुनको विषयमा क्षमता अभिवृद्धि गर्न पनि सघाएको छ।

नीतिगततर्फ युएनडीपीले भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारणसँग निकट रहेर काम गर्दै विभिन्न राष्ट्रिय नीति तथा निर्देशिकाका लागि प्राविधिक सहायता उपलब्ध गराएको छ। गरिबी शून्यमा झार्ने दिगो विकास लक्ष्य नम्बर १ हासिलका लागि रणनीति, स्थिरीकरण कोष सञ्चालन निर्देशिका र सहकारी एकीकरण निर्देशिका र सहकारी ऐनको समीक्षा तीमध्येका केही उदाहरण हुन्।

सन् २०१९ मा

**५,000**

भन्दा बढि किसानहरु (४० प्रतिशत महिला र १५ प्रतिशत सीमान्तकृत समुदाय वा दलित) ले उन्नत कृषि प्रविधि र तथ्यांक संकलन सम्बन्धी तालिम पाए, साथै उनीहरुलाई बीउ, मल तथा अन्य औजारहरुपनि प्रदान गरिएको थियो।



धादिङमा दुई वटा संकलन केन्द्र निर्माण भएपछि हामीले फलफूल र तरकारीलाई बढी समयसम्म राख्न पाएका छौं। जसकारण हाम्रो उत्पादकत्व र आय बढेको छ।

**हिराबहादुर थपलिया**
सदस्य, श्री कृषक सुधार फलफूल तथा तरकारी सहकारी संस्था लिमिटेड, धादिङ

## सामुदायिक पूर्वाधारको पुन:स्थापना

**पूर्वाधार पुनर्निर्माण र रोजगारीको सिर्जनाले सन् २०१५ को भूकम्पबाट प्रभावित भएकाहरू, विशेषगरी अपांगता भएका व्यक्तिहरू, को आवास र जीविकोपार्जन गुणात्मक हिसाबले सुधार भएको छ।**

सन् २०१५ अप्रिलको भूकम्पपछि सुरु भएको युएनडीपीको सामुदायिक पूर्वाधार र जीविकोपार्जन पुनःस्थापना कार्यक्रम ले सुदृढ उत्थानशीलतासहित सामान्य अवस्थामा फर्किन भूकम्प प्रभावित समुदायले गरिरहेको प्रयासमा गर्दै आएको सहायतालाई निरन्तरता दिएको छ। यो परियोजनाले सन् २०१९ मा मात्रै थाइल्यान्ड सरकार र कतार रेडक्रसको आर्थिक सहयोग १ सय ३० वटा सामुदायिक पूर्वाधार निर्माणमा सहयोग गरेको छ, जसका कारण भूकम्प प्रभावित १ लाख ७६ हजार मानिस लाभान्वित भएका छन्। लाभान्वित हुनेमध्ये महिला, दलित, जनजाति अपांगता भएका व्यक्ति हुन्। स्थानीय सरकार र स्थानीय जनताले यी पूर्वाधारमा क्रमशः ३९ प्रतिशत र १६ प्रतिशत लगानी गरेका हुनाले यसमा स्थानीय स्वामित्व पनि अत्यधिक छ।

जीविकोपार्जनसँग अन्तरसम्बन्धित यी पूर्वाधारले ग्रामीण क्षेत्रका स्थानीय अर्थतन्त्रलाई पुरानै अवस्थामा फर्काउन र समुदायलाई नयाँ आर्थिक अवसर प्रदान गर्नका लागि सहयोग गरेको छ। झन् राम्ररी बनाऔँ भन्ने अवधारणाका साथ निर्माण भएका यी पूर्वाधाहरहरू भूकम्प र अन्य प्राकृतिक विपत्ति प्रतिरोधात्मक छन्। समुदायका सदस्यहरूलाई सँगै काम गराएर र त्यसको प्रतिफल बाँडफाँट गरेर यो परियोजनाले सामुदायिक स्वामित्व, सामाजिक एकता र सद्भाव पनि प्रवर्द्धन गरेको छ।

३८ हजार ४ सय ६५ जना लाभान्वित हुने गरी दुई सयभन्दा बढी जीविकोपार्जनसँग सम्बन्धित क्रियाकलापहरू सन् २०१९ मा गरिएको थियो। लाभाविन्त हुनेमध्ये आधा महिला हुन्। भइरहेका स्थानीय उत्पादनलाई प्रशोधन र बजारीकरण सुविधामार्फत मूल्य प्राप्तिका लागि सघाउन यी क्रियाकलाप केन्द्रित थिए। नगदका लागि काम क्रियाकलापमार्फत ७५ हजार व्यक्ति-दिन अल्पकालीन रोजगारी पनि सिर्जना भएको थियो, जसले स्थानीय अर्थतन्त्रमा ४ लाख ५८ हजार ४ सय ६१ अमेरिकी डलर नगद प्रवाह गरेको छ।

ह्यान्डी क्याप इन्टरनेसनल फेडेरेसनसँगको साझेदारीमा जीविकोपार्जन हस्तक्षेपअन्तर्गत यो परियोजना अपांगता भएका दुई सय जना व्यक्ति र तिनका परिवारसमक्ष पुगेको छ र उनीहरूलाई कृषि र गैरकृषिको विकल्प सुधारको अवसर प्रदान गरेको छ।

सन् २०१५ अप्रिलको भूकम्पपछि सुरु भएको युएनडीपीको सामुदायिक पूर्वाधार र जीविकोपार्जन पुनःस्थापना कार्यक्रमले सुदृढ उत्थानशीलतासहित सामान्य अवस्थामा फर्किन भूकम्प प्रभावित समुदायले गरिरहेको प्रयासमा गर्दै आएको सहायतालाई निरन्तरता दिएको छ।

## बजारमुखी जनशक्ति निर्माण

**सही रूपमा उपयोग र अर्थतन्त्रलाई फाइदा हुने हिसाबले मानिसलाई प्राविधिक तथा व्यावसायिक तालिम उपलब्ध गराउँदा यसले समग्र श्रम बजारको गुणस्तर सुधार्न मद्दत गर्छ।**

समावेशी विकासका लागि मागमा आधारित सीपयुक्त जनशक्ति उत्पादनका लागि उपयुक्त नीतिगत वातावरण आवश्यक पर्छ, जसमा पछाडि पारिएकाहरूलाई समेट्नका लागि विशेष महत्व दिनुपर्छ। विशेषगरी सीमान्तकृत समुदायका र अन्य युवाहरूले आर्थिक वृद्धिबाट लाभ पाउन भन्नका लागि युएनडीपीले अहिले रहेको प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (टीभीईटी) नीति सुधारका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सघाइरहेको छ। यसका लागि युएनडीपीको सीप कार्यक्रमले सन् २०१७ मा देशभर नीतिगत संवाद गर्नका लागि नेतृत्वदायी भूमिका खेल्यो



बालाजु इन्जीनियरिङ तथा प्राविधिक शिक्षालयमा हाउस-वायरिङ सम्बन्धी तालिममा सहभागी हुँदै विद्यार्थीहरु। युएनडीपीको स्किल्स परियोजनाले गुणस्तरीय प्राविधिक शिक्षा र तालिम अवसरहरुमा महिला, सीमान्तकृत तथा अति विपन्न समुदायका व्यक्तिहरुको पहुँच सुधार का लागि सहयोग गर्दै आएको छ।
**आनन्द गुरुङ्ग, युएनडीपी नेपाल**

र परिवर्तित संघीय संरचनाअनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम नीति सुधार गर्नका लागि मन्त्रालयले गठन गरेको उच्चस्तरीय कार्यदललाई पनि सहायता प्रदान गरेको थियो। यी अभ्यासहरूले एकीकृत राष्ट्रिय शिक्षा नीति २०१९ मा टीभीईटीको अंशलाई पूर्णता दिएको थियो 'रुचि हुने सबै युवाका लागि प्राविधिक शिक्षा' यसको ध्येय हो।

सन् २०१९ मा युएनडीपीले वेबमा आधाति राष्ट्रिय टीभीईटी व्यवस्थापन जानकारी प्रणाली स्थापना र सञ्चालनका साथै चार वटा संघीय मन्त्रालयको टीभीईटी सम्बन्धित तथ्यांक एकीकृत गर्ने गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई गर्ने सहायतालाई निरन्तरता दिएको छ। यो प्रणालीले विभिन्न सीप सिकिरहेका २ लाख ८८ हजार प्रशिक्षार्थीको एकीकृत विवरण र जानकारी प्रदान गर्छ। यो अभियानले श्रम बजारको माग र आपूर्ति पक्षको व्यवस्थापनका लागि अर्थपूर्ण रूपमा योगदान गरेको छ। यसका साथै यसले विभिन्न टीभीईटी सरोकारवालाबीच समन्वय बढाएको छ भने कार्यक्रमहरू दोहोरिने अवस्था नआउने गरी योजना बनाउन र तथ्यमा आधारित टीभीईटी नीति निर्माणको प्रवर्द्धन गरेको छ।

स्किल कार्यक्रमले सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयको साझेदारीमा सीप नक्सांकन अभ्यास सुरु गरेको छ। यस्तो प्रकृतिको यो पहिलो अभियानले प्रदेशमा रहेका निजी तथा सार्वजनिक निकायमा सीपयुक्त जनशक्तिको माग र आपूर्तिको अवस्था मापन गर्छ। अहिले भूगोल जानकारी प्रणालीमा आधारित डिजिटल सीप नक्सांकन पोर्ट निर्माण भएको छ। यसले सुदूरपश्चिममा सीपयुक्त जनशक्तिको माग र आपूर्तिको अवस्था छुट्टाछुट्टै देखाउँछ।

यो कार्यक्रमले लैंगिक यौनिक अल्पसंख्यकसहित महिला तथा वञ्चित समुदायका दुई सयभन्द बढीलाई टीभीईटी तालिम दिएको छ। यसैगरी नयाँ राष्ट्रिय शिक्षा नीति २०१९ र निजी क्षेत्रको संलग्नताको विषयमा रेडियो र टिभी कार्यक्रममार्फत गरिएको जनचेतनामूलक अभियान १० लाखभन्दा बढी मानिससमक्ष पुगेको छ। लैंगिक रूपमा उत्तरदायी टीभीईटी नीति र सामाजिक रूपमा समावेशी र समानतताको सिद्धान्तमा आधारित कार्यक्रमका लागि उपयुक्त वातावरण निर्माण गर्न युएनडीपीले तीनै तहका सरकारका अधिकारीहरूसँग शृंखलाबद्ध परामर्श र अन्तर्क्रिया आयोजना गरेको छ। यो अभियानलाई लक्षित समुदाय क्रियाकलाप जस्तै : महिला, यौनिक अल्पसंख्या र जोखिमयुक्त समुदायको अवस्थाबारेको अवस्था साथै गुणस्तरीय प्राविधिक तथा व्यावसायिक सीपमा समावेश गरेर उनीहरूको आर्थिक स्थिति कसरी सुधार गर्न सकिन्छ भन्ने विषयमा नीति निर्माता र योजनाकर्तामाझ जनचेतना जगाउने रेडियो तथा टेलिभिजन कार्यक्रम र वृत्तचित्त निर्माणको कामसँग जोडिएको थियो।

सन् २०१९ मा युएनडीपीले वेबमा आधाति राष्ट्रिय टीभीईटी व्यवस्थापन जानकारी प्रणाली स्थापना र सञ्चालनका साथै चार वटा संघीय मन्त्रालयको टीभीईटी सम्बन्धित तथ्यांक एकीकृत गर्ने गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई गर्ने सहायतालाई निरन्तरता दिएको छ।

# सहायता प्रभावकारिताको सुधार

**नयाँ सहायता व्यवस्थापन जानकारी प्रणालीले सहायतासम्बन्धी तथ्यांकको पारदर्शिता सुनिश्चित गर्नुका साथै एकीकृत गर्न सघाउँछ, जसबाट दिगो विकास लक्ष्यको अनुगमन र प्रतिवेदन तयारीका लागि सहयोग पुग्छ।**

सहायता प्राप्त गर्ने देशका लागि दिगो विकास हालिस गर्न प्रभावकारी व्यवस्थापन र वैदेशिक सहायताको प्रयोग महत्वपूर्ण हुन आउँछ। नेपालजस्तो आफ्नो वार्षिक बजेटको करिब एक चौथाइ सहायता प्राप्त गर्ने (आर्थिक वर्ष २०७६/७७) नेपालजस्तो देशका लागि त यो झन् महत्वपूर्ण हुन्छ। डीएफआईडीको लगानीमा सञ्चालित इफेक्टिभ डेभलपमेन्ट फाइनान्सिङ एन्ड कोअर्डिनेसन परियोजनामार्फत युएनडीपीले सन् २०१९ मा सरकारलाई सहायताको प्रभावकारिता सुधारका लागि गर्दै आएको सहयोगलाई निरन्तरता दिएको छ। युएनडीपीले सरकारलाई गर्ने सहयोग वैदेशिक सहायता परिचालनसम्बन्धी नयाँ निर्देशिका सञ्चालन र अंगीकारका लागि प्रदेश र स्थानीय सरकारलाई सघाउनमा केन्द्रित थियो। विकास समन्वयको कार्यविधि निर्देशिका निर्माण तथा परिचालनमा यसले भूमिका खेलेको छ। यो परियोजनाले अर्थ मन्त्रालयलाई नयाँ अन्तर्राष्ट्रिय विकास समन्वय नीति, २०१९ तयारीका लागि पनि सहायता गरेको छ।

बलियो सहायता व्यवस्थापन प्रणालीको प्रमुख खम्बा भनेको सहायता तथ्यांकको पारदर्शिता सुनिश्चितता गर्नु र कायम राख्नु पनि हो। युएनडीपीले नयाँ सहायता

व्यवस्थापन जानकारी प्रणाली (एआईएमएस) पुनः डिजाइन र परिवर्तन गर्ने अर्थ मन्त्रालयको प्रयासमा वर्षैभर सहायता गरेको छ, जुन सेप्टेम्बरमा सार्वजनिक भएको थियो। एएमआईएसको परिष्कृत भर्सनमा 'दिगो विकास लक्ष्य कोडिङ' जस्ता नयाँ औजारहरू राखिएको छ, जसले नेपालका वैदेशिक सहायताहरू दिगो विकास लक्ष्यसँग सम्बन्धित छन् भनेर तथ्यपरक रूपमा जाँच गर्न र तथ्यांकीय रूपले विश्लेषण गर्न मद्दत गर्छ। यसका साथै यसले देशको दिगो विकास लक्ष्यको सुवपरीवेक्षण गर्ने बृहत् प्रयासलाई पनि सहयोग गर्छ। यो प्रणालीमा अर्को नयाँ बृहत् सार्वजनिक पोर्टल पनि समावेश छ, जसले सहायता पारदर्शिता र आपसी जवाफदेहिता बढाउन सहयोग गर्छ।

आर्थिक वर्ष २०७६/७७ को विवरण समावेश गर्ने नवौं वार्षिक प्रतिवेदन डिसेम्बर २०१९ मा मस्यौदा भएको छ र सहायता प्रभावकारिता सम्बन्धी बहसमा यो सन्दर्भ सामग्री बनेको छ।

युएनडीपीको सहायतामा अर्थ मन्त्रालयले हरेक वर्ष सार्वजनिक गर्ने विकास समन्वय प्रतिवेदन (डेभलपमेन्ट कोअपरेसन रिपोर्ट) का लागि यो प्रणालीमा रहेका तथ्यांकले तथ्य प्रदान गर्छ। आर्थिक वर्ष २०७६/७७ को विवरण समावेश गर्ने नवौं वार्षिक प्रतिवेदन डिसेम्बर २०१९ मा मस्यौदा भएको छ र सहायता प्रभावकारितासम्बन्धी बहसमा यो सन्दर्भ सामग्री बनेको छ। यसले विकास साझेदारहरूबीच आपसी जवाफदेहिता र पारदर्शिता अभिवृद्धिका लागि पनि सघाएको छ।



सिंचाइ व्यवस्थाका कारण निलकण्ठ बिर्तावेसी धादिङका महिला कृषकहरुले बेमौसमी खेती गर्न पाएका छन्। 📷 युएनडीपी नेपाल

फिचर

# जीवनशैलीको पुनःस्थापना र पारिवारिक कर्मको पुनर्प्राप्ति

**अस्मितासहित अन्य किसानले फेरि दूध बेच्न थाले १० वर्षीय छोरालाई ज्वरो आएकाले अस्मिता चौलागाईं छोरालाई लिएर चिकित्सकहाा पुगेकी थिइन् । घर फर्किंदा उनको घर एक्कासि हल्लिरहेको थियो ।**




१० वर्षीय छोरालाई ज्वरो आएकाले अस्मिता चौलागाईं छोरालाई लिएर चिकित्सकहाँ पुगेकी थिइन् । घर फर्किंदा उनको घर एक्कासि हल्लिरहेको थियो । 'छोरालाई च्यापेर बीच सडकमा बसेँ र हाम्रो जीवनका लागि प्रार्थना गरेँ । केही सेकेन्डमै सारा गाउँ नै धुलोको बादलमा हराएको देखें,' सन् २०१५ को भूकम्प सम्भिँदै उनी भन्छिन् । 'सडक पनि भास्सियो । मैले आँखै अगाडि धेरै मानिस मरेको देखें ।'

दूध बिक्री गर्ने किसान अस्मिता र उनका पति डोलमाधव चौलागाईं दुवैका लागि भूकम्प भावनात्मक र आर्थिक क्षतिको कारण बन्यो । यो गाउँमा उनीहरूजस्तै दुई सयभन्दा बढी दूध बिक्री गर्ने किसानहरू छन् र ती सबैका लागि भूकम्प अकल्पनीय क्षतिको कारण बनेको थियो ।

'भूकम्पको अघिल्लो दिनसम्म पनि मैले दैनिक पाँच भाँडा दूध बेच्थें,' डोलमाधव भन्छन्, 'भूकम्पपछि डेढ भाँडा मात्रै दूध बिक्री हुन थाल्यो । किनकि मानिसहरूले घर, परिवारका सदस्य र चौपाया गुमाएका थिए ।'

तर भूकम्पको पाँच वर्षपछि दूध संकलन केन्द्रको पुनर्निर्माण भएपछि भने उनको व्यवसाय फेरि पुरानै लयमा फर्किंदै छ ।

थाई सरकारको आर्थिक सहयोगमा युएनडीपीले मेलम्चीसहित सिन्धुपाल्चोक जिल्लाका विभिन्न स्थानमा सामुदायिक पूर्वाधारहरू निर्माण गरेको छ, जसमा स्थानीय सरकारले ३० प्रतिशत लगानी गरेका छन् ।

नयाँ दूध संकलन केन्द्र यो क्षेत्रका दूध बिक्री गर्ने किसानका लागि आर्थिक उन्नतिको कारक बन्न सक्ने स्थानीय नेतृत्वको विश्वास छ ।

'चिस्यान सुविधाका कारण स्थानीय किसानलाई दूधको उचित मूल्य पाउन सहयोग हुन्छ,' मेलम्चीका मेयर डम्बरबहादुर अर्याल भन्छन् ।

युएनडीपीले भूकम्पयता विशेषगरी जोखिममा रहेको जनसंख्याको जीविकोपार्जन पुनःस्थापित गर्ने नेपाल सरकारको प्रयासलाई सघाउँदै आएको छ । यो पाँच वर्षमा सामुदायिक दूध संकलन केन्द्रजस्तै पाँच सय सामुदायिक पूर्वाधारहरू निर्माण वा पुनर्निर्माण भएका छन्, जसबाट भूकम्पबाट बढी प्रभावित भएका जिल्लाका ७ लाख ५० हजारभन्दा बढी मानिसहरू लाभान्वित भएका छन् ।

खण्ड २

# लोकतान्त्रिक सुशासनको प्रवर्द्धन

**क्षमता आवश्यकताको पहिचान र प्रभावकारी सम्बोधनले शासनका विभिन्न पक्ष बढी समावेशी, सहभागितामूलक र पारदर्शी हुन सहयोग गर्छ।**

नेपालमा संघीय प्रणालीको कार्यान्वयनले गति लिएसँगै नयाँ प्रणालीको जाखिमले ठाउँ नपाओस् भनेर कानुनी शासनका लागि लोकतान्त्रिक संस्थाको सुदृढीकरण, सामाजिक न्याय र मानव अधिकार सुदृढीकरण युएनडीपीको प्रमुख प्राथमिकता क्षेत्रमा परेको छ। युएनडीपीले नयाँ रूपान्तरणका लागि उत्तिकै सहायता प्रदान गरेको छ।

सन् २०१९ मा युएनडीपीले संघीयता प्रक्रियालाई सहयोग गर्न, नागरिक सहभागिता तथा आवाजका लागि वकालत र प्रवर्द्धन, चुनावी संस्थाहरूको सुदृढीकरण तथा विशेषगरी जोखिममा रहेकाहरूका लागि कानुनी शासन तथा सेवा प्रवाहमा सुधार गर्न नेपाल सरकार र नागरिक समाजसँग काम गरेको थियो।




VOTE

सबैभन्दा महत्वपूर्ण, युएनडीपीले विश्व बैंकसँग मिलेर नेपाललाई संविधानको भावनाअनुरूप संघीयताको प्रभावकारी कार्यान्वयनका लागि क्षमता आवश्यकता सम्बन्धी बृहत् अध्ययन गर्नका लागि सहयोग गरेको थियो। नेपालले समावेशी, सहभागितामूलक र पारदर्शी लोकतान्त्रिक प्रक्रिया कार्यान्वयन गर्न सक्छ भन्ने सुनिश्चितताका लागि सहयोग गर्नु यसको मुख्य उद्देश्य थियो। ६ सयभन्दा बढी सांसद र प्रदेश सभा सदस्यले कानुनको समीक्षा गर्न र समावेशिता प्रक्रियाको सुनिश्चितताका लागि क्षमता अभिवृद्धिका लागि सहायता प्राप्त गरेका छन्। यीमध्ये २ सय ७३ महिला हुन्। युएनडीपीको सहयोगमा संघ र प्रदेशस्तरका धेरै प्रमुख कानुनहरूको समीक्षा गरिएको छ।

आफ्नो योजना र बजेटमा दिगो विकास लक्ष्यलाई एकीकृत गर्न युएनडीपीले प्रदेश र स्थानीय सरकारलाई सहायता गरेको छ। ६ प्रदेशलाई दिगो विकास लक्ष्य आधार प्रतिवेदन तयारी र तीन प्रदेश सरकारलाई आवधिक योजना तयारीका लागि गरिएका सहायता यसैअन्तर्गत पर्छन्।

## व्यवस्थापिकाको क्षमता सुदृढीकरण

**धेरै खाले व्यावहारिक अभ्यास अभियानले ज्ञान सुधार गर्नुको साथै अभ्यासमा बढोत्तरी हुन्छ र सांसद र जनतालाई नजिक ल्याउँछ।**

संघीय र प्रदेश तहमा व्यवस्थापिका निकायको क्षमता सुदृढीकरण सन् २०१९ मा युएनडीपीको प्रमुख प्राथमिकता रह्यो। नर्वे सरकारको संयुक्त लगानी रहेको युएनडीपीको संसद् सहायता परियोजना (पीएसपी) सांसदहरू तथा प्रदेश सभा सदस्यहरूको क्षमता निर्माणमा केन्द्रित छ। यसका साथै यो परियोजनाले सन् २०१८ मा गरेको आवश्यकता मूल्यांकनले औंल्याएको आधारमा संस्थागत क्षमता सुदृढीकरणमा पनि संसद् सहायता परियोजना केन्द्रित छ।



भिडियो कन्फ्रेन्स सुविधाको जडानले प्रदेश संसदलाई जिल्ला तथा स्थानीय सरकारसँग जोडिन सहज भएको छ। यसले प्रदेश सांसदको सार्वजनिक पहुँचलाई वृद्धि गर्छ भन्ने विश्वास मलाई छ।

**माया भट्ट**
उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री

परियोजनाको सहयोगमा संघीय र प्रदेश सभा सदस्यहरूले संसदीय प्रक्रिया सुदृढीकरणका लागि विश्वका उत्कृष्ट अभ्यास अंगीकार गरेका छन्। यसमा संसदीय मामिलासम्बन्धी विषयगत ज्ञान, सञ्चार सीपसम्बन्धी अभिमुखीकरण, सकारात्मक सोधखोज, नयाँ तथा विशेषगरी पिछडिएको समुदायको प्रतिनिधित्व गर्ने सांसदहरूका लागि नेतृत्व सीपजस्ता विषयहरू समावेश छन्। यी क्रियाकलापहरूले सांसदहरूलाई संसदीय मामिलासम्बन्धी ज्ञान बढाउन तथा आफ्नो भूमिका प्रभावकारी रूपमा निभाउन सहयोग गर्ने अपेक्षा छ।

६ सयभन्दा बढी सांसदहरू (४५ प्रतिशत महिला) र ४ सय ५३ जना सचिवालय कर्मचारीले विभिन्न विषयगत क्षेत्रमा एक सयभन्दा बढी अन्तरक्रियात्मक सिकाइ कार्यक्रममार्फत आफ्नो क्षमता अभिवृद्धि गरेका छन्। उनीहरूलाई संसदीय अभ्यास तथा प्रक्रिया, संसद्भन्दा बाहिरबाट बन्ने कानुन, कानुनी लेखापरीक्षण, सरकारको सुनिश्चितता, दिगो विकास लक्ष्य र सुशासन, सार्वजनिक लेखा व्यवस्थापन, कानुन र मानव अधिकार, लैंगिक तथा सामाजिक मुद्दाका विषयमा तालिम दिइएको थियो। दुई सयभन्दा बढी सांसदहरूलाई उनीहरूको भूमिका प्रभावकारी बनाउनका लागि सघाउन सल्लाह

दिगो विकासका लक्ष्यहरुसंग सम्बन्धित डाटाहरु पहिले मुस्किल हुने गरेकोमा एसडिजी श्रोत केन्द्रले सहज बनाएको छ।
**युएनडीपी नेपाल**



सुझाव दिइएको थियो। यीमध्ये अधिकांश सांसद सीमान्तकृत तथा पिछडिएको समुदायको प्रतिनिधित्व गर्छन्। यीमध्ये अधिकांश महिला सांसद हुन्।

विषयगत विज्ञसँग सांसदहरूलाई शृंखलाबद्ध अन्तर्क्रिया गराउन युएनडीपीले सहयोग गरेको छ। विशेषगरी रेडियोविकिरण व्यवस्थापन, खेलकुन विकास, भूमि व्यस्थापनजस्ता कानुन निर्माणका क्रममा यस्तो अन्तर्क्रिया गर्न सहयोग गरिएको थियो। यी सार्वजनिक परामर्शले सांसदहरूलाई २७ वटा कानुन समीक्षा तथा संशोधनका लागि सहयोग पुगेको थियो।

संसदीय भ्रमण सहयोगको अर्को क्षेत्र थियो, जसको उद्देश्य कार्यपालिकालाई संसद्‌प्रति अझ बढी उत्तरदायी र जिम्मेवार बनाउनु हो। तत्कालीन महत्वपूर्ण विषयमा ३२ वटा अध्ययन तथा स्थलगत भ्रमण आयोजना गरिएको थियो। तीमध्ये २७ वटा संघीय र ५ वटा प्रादेशिक सांसदको स्थलगत तथा अवलोकन हो। यीमध्ये केहीको प्रभाव तत्काल देखियो भने केही भने समितिको निर्देशनका रूपमा नेपाल सरकारलाई मार्गनिर्देशका रूपमा काम लाग्यो। उदाहरणका लागि महिला तथा सामाजिक समितिलाई बाजुरा जिल्लामा छाउपडीको विषयमा अध्ययन गर्न सहायता प्रदान गरिएको थियो, शिक्षा तथा स्वास्थ्य समितिलाई मेडिकल कलेजले लिने बढी शुल्कको विषयमा तथ्य तथा धारणा संकलनका लागि सहयोग गरिएको थियो भने सार्वजनिक लेखा समितिको उपसमितिलाई धादिङमा सिमेन्ट उद्योग खोल्ने विषयको विवाद अध्ययनका लागि सहायता गरिएको थियो।

विशेषगरी कानुन निर्माण तथा स्थलगत भ्रमणजस्ता सार्वजनिक मामिलामा सर्वसाधारणको संलग्नता सुनिश्चित गर्नु परियोजनाको अर्को प्राथमिकता हो। युएनडीपीले संसदीय मामिला रिपोर्टिङका लागि २ सय ५० भन्दा बढी पत्रकारको क्षमता अभिवृद्धि, संसदीय सञ्चार बढाउन तीन सयभन्दा बढी एफएम रेडियोहरू तथा सामाजिक संघसंस्थाहरू परिचालन, सांसदहरूको ज्ञान अभिवृद्धिका लागि हातेपुस्तिका तथा अन्य उत्पादनको विकास, कानुन समीक्षाको सहायताका लागि अनुसन्धान गर्न, दलित तथा युवा समुदायमा पुग्न र यौनिक तथा लैंगिक अल्संख्यकलाई प्रत्यक्ष रूपमा सांसदहरूसँग संलग्न गराउन सहयोग गरेको छ।



नागरिक तथा मतदाता शिक्षा कार्यक्रमले हामीलाई मतदानको महत्व मात्रै बुझाएको छैन, आगामी निर्वाचनमा उम्मेदवार बन्न पनि प्रेरित गरेको छ।

**रमेश पोखरेल**
अध्यक्ष, नेपाल दृष्टिविहीन संघ

कर्णाली र सुदूरपश्चिम प्रदेशमा 'मिट दि स्पिकर' जस्ता पहिलो पटक आयोजना गरिएको कार्यक्रमको सुरुवात, कानुनका मस्यौदा सर्वसाधारणकहाँ लैजाने, सार्वजनिक सुनुवाइ गर्ने र संसद्‌हरूमा सञ्चार तथा सूचना प्रविधि लागू गर्नेजस्ता अभियानले संसद्‌को पारदर्शिता तथा सर्वसाधारणसँग उनीहरूको अन्तर्क्रिया बढाउनका लागि योगदान गरेको छ। सन् २०१९ मा तीन प्रदेशहरूका संसद् र तिनका ३० वटा निर्वाचन क्षेत्रमा युट्युबमार्फत प्रत्यक्ष प्रसारण र भिडियो कन्फ्रेन्स गर्न सुरु गरिएको छ। नागरिक संलग्नताका लागि प्रविधिले कसरी महत्वपूर्ण भूमिका खेल्छ भन्ने यसले देखाएको छ।

युएनडीपीले सांसदहरूलाई दिगो विकास लक्ष्यको सद् भावना दूत बनाउन पनि सहयोग गरिरहेको छ। उनीहरूलाई आवश्यक जानकारी प्रदान गर्न राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिको सचिवालयमा दिगो विकास लक्ष्य स्रोत केन्द्र स्थापना गरिएको छ। यो स्रोत केन्द्र नेपाली र अंग्रेजी भाषामा दिगो विकास लक्ष्य तथा सुशासनको विषयमा जानकारी दिन, तथ्यांक तथा तथ्यहरू हासिल गर्नका लागि एकलविन्दु ज्ञान केन्द्र हो।

## विश्वसनीय निर्वाचनका लागि क्षमता निर्माण

**सीप र बुझाइमा हुने अभिवृद्धिले निर्वाचनलाई थप स्वतन्त्र, निष्पक्ष र विश्वसनीय बनाउँछ।**

निर्वाचन आयोग नेपाललाई स्वतन्त्र, निष्पक्ष तथा विश्वसनीय निर्वाचनका लागि सघाउने युएनडीपी अग्रणी निकाय हो। आयोगलाई सन् २००८ तथा २०१३ को संविधानसभा निर्वाचन र पछि सन् २०१७ मा संघीय, प्रदेश र स्थानीय तहको निर्वाचन गराउनका लागि युएनडीपीले सहयोग गरेको थियो।

खाली रहेको ५२ वटा पद परिपूर्तिका लागि निर्वाचन आयोगले नोभेम्बर २०१९ मा उपनिर्वाचन सम्पन्न गरेको थियो। आयोगले थोरै मात्र बाह्य सहयोग लिएर निर्वाचन गराएको हो। उक्त उपनिर्वाचन भएका ३७ जिल्लामा खसेको मतदानको परिमाण ६५.५ प्रतिशत थियो र अस्वीकृत मतको प्रतिशत १.७ प्रतिशत मात्रै थियो। यो तथ्यले पनि निर्वाचन सहायता परियोजना (ईएसपी) मार्फत केही वर्षयता प्रदान गरिएको सहयोगका कारण आयोगको क्षमता अभिवृद्धि भएको जनाउ दिन्छ। उप-निर्वाचनअघि युएनडीपीले निर्वाचन हुने क्षेत्रमा सामुदायिक सिकाइ केन्द्र र सामाजिक सञ्जालमार्फत मतदाता शिक्षाका लागि विशेष सहायता प्रदान गरेको थियो।

खाली रहेको ५२ वटा पद परिपूर्तिका लागि निर्वाचन आयोगले नोभेम्बर २०१९ मा उपनिर्वाचन सम्पन्न गरेको थियो।

समावेशी रूपमा शान्तिपूर्वक विवाद समाधान गरी प्रभावकारी र समयमै निर्वाचन सम्पन्न गर्नका लागि उपयुक्त वातावरण तयार पार्न युएनडीपीले राष्ट्रिय संस्थाको क्षमता सुदृढीकरण गरेको छ। निर्वाचन आयोगसहित विभिन्न निकायका १ हजार ८ सयभन्दा बढीमा निर्वाचन न्याय, शान्त निर्वाचन, लैंगिक समानता र समावेशी सहभागिताको विषयमा क्षमता अभिवृद्धि गरिएको थियो तीमध्ये एक तिहाइ महिला हुन्। तालिमपछिको तथ्यांक मूल्यांकन गर्दा औसतमा ९४ प्रतिशत सहभागीको यी विषयमा ज्ञान विस्तार भएको देखिन्छ।

राष्ट्रिय नागरिक समाज संघस्थाहरूसँग अहिले महिला तथा अपांगता भएकाहरूको आवाज, सहभागिता र संलग्नता मुखरित गर्ने बृहत् क्षमता छ। अपांगतासम्बन्धी काम गर्ने दुई महासंघ र एउटा महिला पत्रकारहरूको संस्थाले आयोजना गरेको तालिम तथा कार्यशालाको पहुँच २ हजार ६१ जनासम्म पुगेको थियो। तीमध्ये १ हजार ७ सय ५ जना अपांगता भएका व्यक्तिहरू हुन् भने १ सय ८९ जना महिला हुन्। यसमा सहभागी भएमध्ये एक जना यौनिक तथा लैंगिक अल्पसंख्यक थिए।




६५ प्रतिशत मतको संख्या सहित निर्वाचन आयोगले नोभेम्बर २०१९मा उप निर्वाचन सम्पन्न गऱ्यो। © युएनडीपी नेपाल

# न्यायमा पहुँच प्रवर्द्धन

**सीपमूलक तालिम र सूचना प्रविधिको प्रयोगले विशेषगरी महिला र जोखिमयुक्त समुदायको न्यायमा पहुँच सुधार हुन्छ।**

नेपालले शासनको नयाँ प्रणाली कार्यान्वयन गरेको छ। यस्तो अवस्थामा युएनडीपीको मुख्य प्राथमिकता सबै तहका सबै संरचनाका संस्थाहरू कानुनी शासन, मानव अधिकार र न्यायमा पहुँच प्रवर्द्धनका लागि सक्षम छन् भन्ने सुनिश्चित गराउनु पनि रह्यो। यसका लागि युएनडीपीले प्रभावकारी नीतिहरू लागू गर्न कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय तथा अन्य सम्बन्धित संस्थाहरूसँग निकट भएर काम गरिरहेको छ। यही बेलामा स्थानीय न्यायिक समितिहरूजस्ता नयाँ संरचनाहरू आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निभाउन सक्षम बन्दै छन्।

नर्वे सरकारको संयुक्त लगानी रहेको युएनडीपीको संस्थागत सुधारमार्फत न्यायमा पहुँच प्रवर्द्धन परियोजनामार्फत सन् २०१९ मा नेपाललाई राष्ट्रिय (एकीकृत) कानुनी सहायता नीति निर्माणका लागि सहयोग गरिएको छ। डिसेम्बर २०१९ मा मन्त्रिपरिषद्ले लागू गरेको यो नीतिले महिला र जोखिममा रहेका अन्य समुदायको न्यायमा पहुँच अभिवृद्धिको सुनिश्चितता गर्दै नेपालमा कानुनी सहायता प्रणालीको बृहत् सुधारका लागि आधार दिन्छ। परियोजनाले नीति निर्माणको अवधिभर कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई प्राविधिक सहयोग उपलब्ध गराएको थियो भने कानुनी सहायता प्रणालीका मुख्य सरोकारवालासँग परामर्शका लागि सहजीकरण गरेको थियो।

स्थानीय तहमा न्यायिक समितिहरूको क्षमता विकास तथा न्याय क्षेत्रका नियकाहरूबीच समन्वय सुदृढीकरणका लागि परियोजनाले आफ्नो लगानीलाई निरन्तरता दिएको छ। स्थानीय तहका न्यायिक समितिहरू सामुदायिक स्तरका विवाद समाधानका लागि नवगठित निकायहरू हुन्। कार्यान्वयनको पहिलो वर्षमा यो परियोजनाले १२ जिल्लाका १ सय ६० वटा न्यायिक समितिहरूलाई समन्वय बैठक सञ्चालनका लागि सहयोग गरेको थियो। यी बैठकहरूमा सात सयभन्दा बढी न्यायिक समितिका सदस्यहरू सहभागी थिए, जसले सामुदायिक स्तरमा संलग्न रहेका न्यायिक निकायहरूसँग समन्वयका लागि समन्वय प्रारूपको मापदण्ड तय गरेको छ।

सरकारले सञ्चालन गरेको न्याय सेवा तालिम केन्द्रसँगको साझेदारीमा न्यायिक समितिहरूका लागि स्तरीय तालिम म्यानुअल विकास गरिएको छ र ६ सय ८० जना न्यायिक समितिका सदस्यहरू (जसमध्ये आधा महिला हुन्) लाई आफ्नो भूमिका र जिम्मेवारी प्रभावकारी रूपमा निभाउनका लागि तालिम दिइएको छ।

सहायताको मुख्य अंशमा प्रदेश सरकारका अधिकृतहरूलाई कानुनको मस्यौदा विकास गर्ने तालिम पनि समावेश थियो। कर्णाली र प्रदेश २ सरकारलाई बालिका अधिकार संरक्षण, प्रदेश लोक सेवा आयोग स्थापना र उद्योग, वाणिज्य तथा पर्यटन प्रवर्द्धनजस्ता कानुनसहित ११ वटा कानुनका मस्यौदा तयार पार्नका लागि युएनडीपीले प्राविधिक सहायता उपलब्ध गराइएको थियो। यसबाहेक कानुनी मस्यौदा तयार पार्ने विषयमा २ सय ८० भन्दा बढीलाई तालिम दिइएको छ। पहिलो पटक व्यवसाय र मानव अधिकार सम्बन्धमा नेपालको न्यायिक क्षेत्रले गम्भीर बहसको सुरुवात गरेको छ। नेपाल मानव अधिकार कार्ययोजनामा समावेश अवधारणासँग मेल खाने गरी यस्तो अभियान सुरु भएको हो। व्यवसाय र मानव अधिकारसम्बन्धी बहसमार्फत संयुक्त राष्ट्रसंघको व्यवसाय र मानव अधिकारसम्बन्धी निर्देशक सिद्धान्त प्रवाह गर्ने उद्देश्यका साथ नेपाल उद्योग वाणिज्य महासंघसँग राष्ट्रिय



**७००**

भन्दा बढि न्यायिक समिति सदस्य (३० प्रतिशत महिला) न्याय क्षेत्रको समन्वयलाई सुदृढिकरण गर्ने बैठकहरुमा सहभागिता जनाए।

साझेदारी सुरु गरिएको छ। यो परियोजनाले राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी छलफलमार्फत १ हजार ४ सयभन्दा बढी (जसमध्ये एक तिहाइ महिला) सरकारी अधिकारी, व्यावसायिक र नागरिक समाज क्षेत्रका प्रतिनिधिलाई सहजीकरण गरेको छ।

युएनडीपीको सहयोगमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले सर्वसाधारणलाई नेपालको कानुनमा सहज पहुँच दिने गरी डिजिटल स्वरूपमा कानुनहरू राख्न सफ्टवेयर र मोबाइल एप विकास गरिरहेको छ। सन् २०१९ को डिसेम्बरसम्ममा १ सय ६० भन्दा बढी कानुनहरूलाई डिजिटल स्वरूपमा ढालेर नयाँ प्रणालीमा राखिएको छ। यो प्रणाली सन् २०२० मा सार्वजनिक हुनेछ।

राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो पाचौं रणनीतिक योजना दिविल दृष्टिकोणबाट समीक्षा गर्न सुरु गऱ्यो। युएनडीपी नेपाल



## मानव अधिकार सुपरीवेक्षणका लागि क्षमता निर्माण

**सरकार र सञ्चार माध्यममा हुने ज्ञानको सुधारले मानव अधिकारको बुझाइ र सञ्चारमा पनि सुधार ल्याउँछ।**

सरकार र नागरिक समाजबीच सम्बन्ध स्थापित गर्न प्रभावकारी मानव अधिकार संस्थाहरू महत्वपूर्ण मानिन्छन्। यिनले व्यक्तिको अधिकार र राज्यको दायित्वबीचको खालड पुर्नका लागि सेतुका रूपमा सहयोग गर्छन्। युएनडीपी नेपालले राष्ट्रिय मानव अधिकार आयोगलाई अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र सम्झौताहरू अनुरूप प्रभावकारी रूपमा मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्न क्षमता अभिवृद्धिका लागि सघाइरहेको छ।

सन् २०१९ मा युएनडीपीले आयोगका मध्यम तहका व्यवस्थापकलाई रणनीतिक उद्देश्यलाई दिगो विकास लक्ष्यसँग जोड्नुका साथै दिगो विकास लक्ष्यको दृष्टिकोणबाट मानव अधिकारसम्बन्धी हस्तक्षेपको सुपरीवेक्षण गर्ने क्षमता अभिवृद्धिका लागि सघाएको थियो। यसकारण मानव अधिकार आयोगले आफ्नो पाँचौं रणनीतिक योजनालाई दिगो विकास लक्ष्यको दृष्टिकोणबाट मूल्यांकन गर्न सुरु गरेको छ। सन् २०१५ देखि लागू भएको यो योजना सन् २०२० मा सकिँदै छ। आयोगले दिगो विकास लक्ष्यका उद्देश्यसँग मिल्ने गरी आफ्नो छैटौं रणनीतिक योजना निर्माणका लागि पनि प्रारम्भिक छलफल सुरु गरेको छ। आयोगको क्षमता अभिवृद्धि गर्ने अंगका रूपमा आयोगका सदस्यहरूले भारतको मानव अधिकार आयोगको सिकाइ भ्रमण गरेका छन्। भ्रमणका क्रममा दुई देशका आयोगका सदस्यहरूले मानव अधिकार हनन र कानुनी प्रक्रियाको सुपरीवेक्षण र अनुसन्धानबारे आफ्नो अनुभव र ज्ञान आदानप्रदान गरेका थिए।



जातीय भेदभाव तथा लैङ्गिक हिंसाजन्य कानूनी सवालमा कालिकोटमा स्थानीयलाई सचेतना फैलाउँदै। 
**युएनडीपी नेपाल**

सञ्चार माध्यमसँग जोडिने मानव अधिकार आयोगको योजनाअनुसार १ सय ४० जना सञ्चारकर्मीहरूलाई मानव अधिकार तथा सूचनाको हकबारे तालिम दिइएको छ। यसले मानव अधिकार आयोग र सञ्चार माध्यमबीच अन्तर्क्रिया सुदृढीकरणका लागि सहयोग गरेको छ। यसका कारण नेपालले अहिले भोगिरहेको मानव अधिकारको विषयमा सञ्चार माध्यममा कभरेज गुणात्मक रूपले बढेको छ।

यसका अतिरिक्त व्यवसाय र मानव अधिकार, उपभोक्ता अधिकार र आप्रवासी कामदारको अधिकारको विषयमा रणनीतिक संवादमार्फत युएनडीपीले मानव अधिकार आयोगलाई नेपाल र क्षेत्रीयस्तरमा मानव अधिकारको विमर्शको दायरा फराकिलो पार्न पनि सहयोग गरेको छ। काठमाडौंमा भएको आप्रवासी कामदारको मानव अधिकार संरक्षणसम्बन्धी सम्मेलनले आप्रवासी कामदारको अधिकारको विषयलाई प्राथमिकतामा ल्याएको छ। सम्मेलनले आप्रवासी कामदारको अधिकार संरक्षणसम्बन्धी २१ बुँदे काठमाडौं घोषणापत्र र क्षेत्रीयस्तरमा आप्रवासी कामदारको अधिकार प्रवर्द्धनका लागि १० बुँदे कार्ययोजना जारी गरेको छ। यसका साथै राष्ट्रिय मानव अधिकार आयोग र उपभोक्ता अधिकार संरक्षण मञ्च नेपालसँगको साझेदारीमा आयोजित राष्ट्रियस्तरको संवादमा तीन सयभन्दा बढीले नेपालमा उपभोक्ता अधिकार संरक्षणको उपायबारे छलफल गरेका थिए।




अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा धनगढीमा आयोजित साइकल ऱ्यालीमा साइकल चलाउँदै विद्यार्थीहरु। 
**एससीडीपी/युएनडीपी नेपाल**

## सामाजिक एकता र नागरिक सहभागिता प्रवर्द्धन

**लक्षित संवादमा नागरिक समाज र नेतृत्वलाई एक ठाउँमा ल्याउँदा सामाजिक एकता निर्माण र नेतृत्व तथा निर्णय सुधार्न सहयोग पुग्छ।**

सामाजिक एकता र नागरिक सहभागिता सुदृढीकरणका लागि सन् २०१९ मा युएनडीपीले प्रदेश र स्थानीय सरकार तथा प्रमुख सरोकारवालालाई दिइआइएको सहायतामा निरन्तरता दियो। सामाजिक एकता र शासनको चुनौती भोगिरहेका प्रदेश २, वागमती, प्रदेश ५ र सुदूरपश्चिम प्रदेशका ३८ वटा स्थानीय सरकारमा विभिन्न क्रियाकलापमार्फत यसले प्रभावकारी शासन र सेवा प्रवाहका लागि योगदान गरेको छ।

सामाजिक एकता, लोकतान्त्रिक सहभागिता र सार्वजनिक संस्थाहरूको उत्तरदायित्व प्रवर्द्धन गर्ने उद्देश्य रहेका विभिन्न अभियानमा युएनडीपीले ६५ वटा विभिन्न संघसंस्था, समुदाय र युवा स्वयंसेवकसँगको सहकार्यमा देशभरका २ हजार ५ सय मानिसहरूलाई संलग्न गराएको छ। देशभरका १२ वटा नगरपालिकाहरूमा स्थापित जानकारी केन्द्रमार्फत विशेषगरी जोखिमयुक्त समुदायसहित ५ हजार ६ सय सेवाग्राहीले सहायता पाएका छन्। यसका अतिरिक्त बाँके र पर्सा जिल्लामा गठित महिला उपमेयरहरूका क्लबले नवनिर्वाचित महिला नेतृहरूलाई आफ्नो अनुभव साटासाट गर्ने र महिला अधिकार तथा दिगो विकास लक्ष्यको वकालत गर्ने अवसर दिएको छ।

खाली रहेको ५२ वटा पद परिपूर्तिका लागि निर्वाचन आयोगले नोभेम्बर २०१९ मा उपनिर्वाचन सम्पन्न गरेको थियो।

बाँकेका आठ वटा स्थानीय तह र पर्साका १४ वटा स्थानीय तहका निर्वाचित प्रतिनिधि र कर्मचारीहरू प्रभावकारी रूपमा आफ्नो नेतृत्व तथा निर्णय प्रक्रियाको भूमिका निर्वाह गर्नेसम्बन्धी दुईदिने आवासीय तालिममा सहभागी भएका थिए।

प्रदेश २, वागमती, प्रदेश ५ र सुदूरपश्चिम प्रदेशका आठ वटा नागरिक समाज संस्थालाई लघु पुँजीगत अनुदानमार्फत सहायता गरिएको हो। स्थानीय र प्रदेशस्तरमा शासन र निर्णय प्रक्रियाका विषयमा प्रभावकारी रूपमा आवाज उठाउन सकुन् भन्ने उद्देश्यले यो सहायता दिइएको हो।

विश्वसनीय र शान्तपूर्ण निर्वाचनका लागि प्रमुख चुनौती र तिनले शान्ति र सामाजिक एकतामा पार्न सक्ने प्रभावको पहिचानका लागि स्थलगत अध्ययन गर्न युएनडीपीले नेपाल ट्रान्सिजन टु पिस इन्स्टिच्युटसँग साझेदारी गरेको थियो। विश्वसनीय र शान्तिपूर्ण निर्वाचनको प्रमुख चुनौती पहिचान गर्न र यसले शान्ति र सामाजिक एकतामा पार्न सक्ने प्रभावको पहिचान गर्नका लागि अध्ययन गरिएको हो। यो स्थलगत अध्ययनका क्रममा देशभर प्रदेश राजधानी र स्थानीय तहमा आयोजित विभिन्न छलफल र संवादका माध्यममार्फत पाँच सयभन्दा बढी मानिससँग प्रत्यक्ष कुराकानी र परामर्श गरिएको थियो।



प्लाष्टिकजन्य फोहरलाई मूल्यवान कलात्मक बस्तुमा नवीकरण गर्ने थ्रीडी प्रिन्टिङ प्रविधिको परीक्षण गर्दै युवा इन्जीनियरहरु। **विवेकधर शर्मा/युएनडीपी नेपाल**

फिचर

# छिचोलिँदै हरेक पहाड

**'यो भिडियो छलफलमा तपाईंहरू सबैलाई स्वागत गर्न पाउादा म निकै खुसी छु,' भिडियो संवादमार्फत कानुनको मस्यौदामा पहिलो पटक सर्वसाधारणसाग परामर्श सुरु गर्दै सुदूरपश्चिम प्रदेश संसद्का अर्थ, विकास तथा प्राकृतिक स्रोत समितिका सभापति हर्कबहादुर कुावर भन्छन् ।**

यो नयाँ अनुभव थियो र सबै जना एकदमै उत्सुक थिए। भिडियो संवाद प्रणालीमा जोडिएका नौ जिल्लाका सहभागीले ध्यान दिएर आफ्नो स्क्रिनको ड्यासबोर्डमा हेरे, जहाँ एउटा कुनामा सांसदहरू देखिएका थिए।




भिडियो संवाद सुविधाको उपयोग गर्दै सुदूरपश्चिम प्रदेश सभाको विकास तथा प्राकृतिक स्रोत समितिले पहिलो पटक सार्वजनिक परामर्श सुरु गर्दै। © **युएनडीपी नेपाल**

सुदूरपश्चिम प्रदेशले केही एकदमै दुर्गम पहाडी जिल्लालाई समेटेको छन्, जसमध्ये अधिकांश मानव विकास सूचकांक र गरिबी सूचकांकको तल्लो स्थानमा छन् र यी जिल्लामा भौतिक रूपमा पुग्नु सांसदहरूका लागि चुनौतीपूर्ण, महँगो र समयका हिसाबले खर्चिलो हुन्छ। युएनडीपीको सहयोगमास्थापित भिडियो संवादको सुविधाले सांसदहरूलाई जनतासमक्ष पुग्ने सहज विकल्प प्रदान गरेको छ।

'प्रविधिले हामीलाई नजिक्याएको छ। हामी तपाईंहरूको सुझाव सुन्न चाहन्छौं,' सभापति कुँवरले साझेदारी व्यवसाय दर्ता विधेयक २०७६ बारे सानो प्रस्तुति दिएपछि सहभागीबाट सुझाव संकलन सुरु गर्दै भने।

प्रदेश सभाले भिडियो संवादमा सहभागिताका लागि नौ वटै जिल्लाका व्यापारिक समुदाय, स्थानीय समुदायका नेता, सरकारी कर्मचारी र सर्वसाधारणलाई निमन्त्रणा दिएको थियो र सबैजना छलफलका लागि भिडियो संवाद प्रणालीमा आबद्ध भएका थिए।

प्रदेश राजधानी धनगढीबाट २ सय ६७ किलोमिटर टाढा अछामका बमबहादुर रावल सांसदहरूलाई भिडियोमार्फत विधेयकमा सुझाव दिने पहिलो व्यक्ति थिए। व्यापारिक समुदायको प्रतिनिधित्व गर्ने रावलले विधेयकमा केही संशोधनका लागि प्रस्ताव गरे। 'यो विधेयकमार्फत व्यवसाय दर्ता र कर तिर्नका लागि एकद्वार नीति अवलम्बन गर्न सकिन्छ ? यो विधेयकले हामीले गर्ने व्यवसायलाई सहजता प्रदान गर्नुपर्छ,' रावलले भने।

स्थानीय सरकारका प्रतिनिधि, उद्यमी र नागरिक समाजका प्रतिनिधिहरूले सक्रियतापूर्वक उक्त भिडियो छलफलमा सहभागिता जनाए। धनगढीस्थित प्रदेश सभाका सभामुखले सहभागीहरूको सुझाव टिपोट गर्दै विधेयकमा त्यसलाई समावेश गर्ने प्रतिबद्धता जनाए।

'प्रदेश र जिल्लास्तरमा भिडियो संवाद सुविधाको स्थापनाले हामीलाई जिल्ला र स्थानीय तहसँग जोडिन मद्दत पुगेको छ। मलाई विश्वास छ, यसले प्रदेश सभाको सार्वजनिक पहुँचलाई थप विस्तार गर्नेछ,' उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री माया भट्ट भन्छिन्।

नर्वे सरकारको लगानीमा सञ्चालित युएनडीपीको संसदीय सहायता कार्यक्रमको एक अंगका रूपमा भिडियो संवाद सुविधा स्थापना गरिएको हो। यो परियोजनाले सांसदहरूलाई उनीहरूको अनुगमन र कानुन निर्माणका कार्य सुदृढीकरणमा सहयोग गरिरहेको छ।

खण्ड ३

# उत्थानशीलता निर्माण

**आफ्नो सुन्दरतासागै जलवायु र विपद्को जोखिममा रहेको देश सुरक्षित रहन र दिगो जीविको पार्जनका लागि उत्थानशील पूर्वाधार र समुदाय आधारभूत हुन्छन् ।**

युएनडीपीसँग नेपालमा दिगो विकास प्रवर्द्धन गरेको लामो इतिहास छ । प्रवर्द्धन शैलीको प्रमुख पक्ष क्षमता अभिवृद्धि हो ।

जलवायु परिवर्तनको जोखिम प्रभावकारी रूपमा सम्बोधन गर्न सक्ने क्षमता निर्माणले नेपाललाई थप सुरक्षित र उत्थानशील बनाउन सघाउँछ । अनुभवबाट पाठ सिक्दै भूकम्प र बाढीजस्ता विपद्बाट चाँडै पुनःस्थापित गर्नका लागि नेपाललाई सघाउन युएनडीपीले आफ्नो प्रयासलाई बढावा दिएको छ र विपद् आउँदा सामना गर्न सक्ने गरी देशलाई ज्ञान र सीपले सुसज्जित गर्दा दीर्घकालीन रूपमा नेपाल बढी बलियो र उत्थानशील हुन्छ ।





**सन् २०१९ मा युएनडीपी केन्द्रित भएका काम :**

- ग्रामीण क्षेत्रमा बढी पहुँचयोग्य र स्वच्छ ऊर्जा प्रयोगका लागि बढावा
- भूकम्पपछिको पुनःस्थापनामा सहायता
- विपद् जोखिम व्यवस्थापनको संस्थागत तथा कानुनी पक्षको सुदृढीकरण
- उत्थानशील भवन विकासको अभिन्न अंग हो भन्ने सुनिश्चितताका लागि संयुक्त वकालत मञ्चको निर्माण
- जलवायु वित्तको प्रभावकारी प्रयोग र परिचालनका लागि राष्ट्रिय क्षमता निर्माण ।



t २०१५ को बिनासकारी भूकम्पपछि आवासहरुको निर्माणमा गोरखाका महिला डकर्मीहरुले सहयोग गरे । 📷 **युएनडीपी नेपाल**

यी कामले नेपाललाई भूकम्पपछिको आवास तथा पूर्वाधार निर्माणको काममा गुणस्तरीय हिसाबले प्रगति हासिल गर्न सहयोग गरे । यसको अर्थ अब नेपालले आवश्यक पर्ने ग्रामीण समुदायका लागि पहुँचयोग्य ऊर्जा प्रवाहका लागि विश्वव्यापी जलवायु वित्तजस्ता अन्तर्राष्ट्रिय स्रोतमा पहुँचका लागि नयाँ अवसर सिर्जना गर्न सक्छ ।

नीतिगततर्फ युएनडीपीले सबै प्रदेश सरकार र १० स्थानीय तहलाई उनीहरूले पहिलो पटक जारी गर्न लागे को आफ्नो विपद् जोखिम न्यूनीकरण नीति तथा कार्य योजनाका लागि सहायता प्रदान गरेको छ । यसले भविष्यमा आउने विपद्बाट हुने कयौं जीवन र सम्पत्तिको क्षति न्यूनीकरणका लागि सघाउनेछ । हाम्रो जारी वकालतको कारण गृह मन्त्रालयले राष्ट्रिय विपद् जोखिम व्यवस्थापन प्राधिकरण स्थापना गरेको छ र विपद् नामक विपद् जानकारी दिने प्रणाली सुरु गरेको छ । यसको अर्थ हो अब नेपालले विपद्बाट हुने क्षतिको तथ्यांक लिंग तथा अपांगताको आधारमा पनि छुट्याउन सकिन्छ, जसले सामाजिक समूहको आधारमा पनि विपद्को प्रभाव तुलना गरी प्रभावकारी र उपयुक्त हिसाबले सम्बोधनका लागि सहयोग गर्छ । र, युएनडीपीले प्रदान गरेको तालिम र सञ्चारका कारण

सन् २०१९ मा युएनडीपीले सरकारसँगको निकट समन्वयमा र ही प्रकोप जोखिम न्यूनीकरण व्यवस्थापन प्राथमिकताहरुलाई प्रदेश स्तरमा आन्तरिकरणको प्रक्रिया थालनी गर्‍यो ।

निजी क्षेत्र पनि अहिले उत्थानशील पूर्वाधारको भूमिका र महत्वबारे जानकार भएका छन् ।

## विपद् व्यवस्थापनको क्षमता

**विपद्को जोखिम र वास्तविकता प्रभावकारी रूपमा व्यवस्थापन गर्ने क्षमताले क्षतिलाई गुणात्मक रूपमा कम गर्नुको साथै मानिस र समुदायलाई संरक्षण गर्छ ।**

वर्षौंको परामर्शपछि सन् २०१८ मा नेपालले विपद् जो खिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय नीति तथा रणनीतिक कार्ययोजना (२०१८-२०३०) लाई अंगीकार गरेको छ । यसमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रवर्द्धनका लागि दीर्घकालीन सोच र ाखिएको छ । योसँगै सन् २०१९ मा नेपालको अर्को मुख्य प्राथमिकता यो नीतिलाई प्रदेश तथा स्थानीय सर कारको तहमा लागू गर्नु थियो ।

यी नीति निर्माण प्रक्रियामार्फत सरकारलाई सहाउने ने तृत्वदायी निकायको रूपमा युएनडीपीले महत्वपूर्ण भूमिका निर्वाह गर्‍यो । यसले दिगो विकासका लागि उत्थानशील पूर्वाधार नारा दिएर नेपाल पूर्वाधार सम्मेलन

आयोजना गर्नका लागि नेपाल उद्योग परिसंघसँग सहकार्य गर्‍यो ।

सरकारसँगको निकट सहकार्यमा युएनडीपीले यी प्राथमिकतालाई तल्लो तहसँग अंगीकार गराउने प्रक्रिया सुरु गर्‍यो । सबै सात वटा प्रदेशले उनीहरूले विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्य योजनाको मस्यौदा गर्न सुरु गरेका छन् ।

यसबाहेक युरोपियन युनियनले गरेको लगानी परियोजनामार्फत युएनडीपीले सिन्धुपाल्चोक र दोलखाका चार नगरपालिकाहरूसँग १५ वटा वडा तहमा विपद् जोखिम न्यूनीकरण व्यवस्थापन योजना निर्माणका लागि सहकार्य गरेको छ । यसले ३० वटा जोखिम न्यूनीकरण मापनहरू कार्यान्वयनका लागि सहयोग गर्न संयुक्त लगानीमा स्थानीय तहको स्रोतहरू सफलतापूर्वक परिचालन गरेको छ, जसका कारण समुदायहरूलाई पुनर्निर्माणको अवस्थादेखि दीर्घकालीन उत्थानशीलतातर्फ अघि बढ्न सहयोग पुगेको छ । भूकम्पपछिको पुनर्निर्माण र पुनरुत्थानमा युएनडीपीको सहायता सन् २०१९ मा पनि जारी रह्यो । गरिब र जोखिमयुक्त परिवारलाई गर्ने सहयोगमा यसले जोड दिएको छ ।

सन् २०१९ डिसेम्बरसम्म गोरखाका २३ हजार परिवारले आफ्नो घर पुनर्निर्माणको काम सके । यी घरहरू भारत सरकारको लगानीमा युएनडीपीको नेपाल आवास पुनर्निर्माण परियोजना (एनएचआरपी) को प्रत्यक्ष सहयोगमा निर्माण भएका हुन् । करिब दुई वर्षको कामपछि ८६ प्रतिशतभन्दा बढी घरहरूको निर्माण पूरा भएको छ । भूकम्पपछि देशैभर निर्माण पूरा गर्ने घरको औसत ६४ प्रतिशत छ ।

जोखिमयुक्त वर्गमा पर्ने २ हजार ४ सय वटा परिवारलाई सहायताका लागि पनि विशेष प्रयास गरिएको थियो ।

सन् २०१९ डिसेम्बर सम्ममा गोरखा जिल्लामा

**२३000**

भन्दा बढि घरधुरीले आवासको पुनर्निर्माण गर्न सफल भए ।

एकल महिला, बिरामी र वृद्धवृद्धा, अनाथ, अपांगता भएका व्यक्तिहरू र भूमिविहीनहरू यो वर्गमा पर्छन् । यस्ता परिवारलाई घर पुनर्निर्माणका लागि जमिन उपलब्ध गराइएको छ भने सामुदाय परिचालन तथा श्रम योगदानमार्फत सहायता गरिएको छ । यस्ता घरहरू पुनर्निर्माणका लागि प्रशासनिक प्रक्रिया द्रुत बनाइएको थियो ।

युरोपियन युनियनको लगानी परियोजनामार्फत युएनडीपीले सिन्धुपाल्चोक र दोलखा जिल्लामा १ हजार ६ सय ५० जोखिमयुक्त वर्गमा पर्ने परिवारलाई सहायता प्रदान गरेको छ । जसमध्ये १ सय ५० घरलाई पुनर्निर्माणका लागि सामग्री नै उपलब्ध गराइएको थियो । यसका अतिरिक्त २ हजार ८ सयभन्दा बढीलाई सिकर्मी तालिम र सरकारी इन्जिनियरहरूको क्षमता अभिवृद्धि तालिममार्फत पुनर्निर्माण प्रक्रियलाई गति दिन आवश्यक जनशक्ति निर्माणमा यो परियोजनाले सहयोग गरेको छ ।

चुनौतीपूर्ण भौगोलिक अवस्थितिमा रहेको मुलुकमा एयरपोर्टहरू यातायातका लागि महत्वपूर्ण हुन्छन् । रणनीतिक रूपमा महत्वपूर्ण आन्तरिक विमानस्थलको विपद् प्रतिकार्य तयारी सुदृढीकरणका लागि युएनडीपीले धनगढी र नेपालगन्ज एयरपोर्टमा विपद् तयारीसम्बन्धी



युएनडीपीको सहयोगमा जलेश्वर नगरपालिकाको हरियाली कार्यक्रम अन्तर्गत कार्य जिम्मेवारी पाएका स्थानीयहरु जलेश्वरको मुख्य सडकलाई हरियाली बनाउने कार्यमा खट्दै । **धन बहादुर चन्द / युएनडीपी नेपाल**



पुनर्निर्माण सूचना व्यवस्थापन प्रणालीको व्याख्या गर्दै, जसले प्रत्येक घरधुरीको पुनर्निर्माण अवस्था कस्तो छ भन्ने कुराको यथार्थ-समय तथ्याङ्क समेट्दछ।
📷 **युएनडीपी नेपाल**

स्थलगत अभ्यासको आयोजना गऱ्यो। गेट एयरपोर्ट रेडी फर डिजास्टर एक्सरसाइज नेपाल नागरिक उड्डयन प्राधिकरणको नेतृत्वमा गरिएको गरिएको हो भने यसका लागि डीएचएलले सहायता गरेको थियो।

यो अभियान डीएचएल र युएनडीपीको विश्वव्यापी साझेदारीअन्तर्गतको एक अंग हो। यसले २६ देशका एयरपोर्टमा आपत्कालीन प्रतिकार्य तयारीको काम गर्छ। यो अभ्यासले विपद्पछिको अवस्थामा प्रभावकारी मानवीय प्रतिकार्य प्रदान गर्नका लागि यी एयरपोर्टको क्षमता सुदृढीकरण गर्छ।

## सुलभ र स्वच्छ ऊर्जामा पहुँच प्रवर्द्धन

**नेपालमा ठूलो परिमाणमा नवीकरणीय ऊर्जा उत्पादनको सम्भावना छ। यो सम्भावनालाई धेरै मानिसका लागि वास्तविकता बनाउनु चुनौती हो।**

स्वच्छ र पहुँचयोग्य सुलभ ऊर्जाको पहुँच सुधार्नका लागि नेपाल सरकारसँग युएनडीपीले निकट रहेर काम गरेको छ। यो दिगो विकास लक्ष्य हासिलको एउटा महत्वपूर्ण सिँढी हो। युएनडीपीले गरेको काममा उत्तरदायी नीति र औजारहरूको निर्माण पनि समावेश छ। यो माइक्रो हाइड्रो र सोलार ऊर्जाजस्ता वैकल्पिक ऊर्जाको सुविधाको विस्तारमार्फत हासिल गरिन्छ।

सन् २०१९ मा युएनडीपीको ग्रामीण जीविकोपार्जनका लागि नवीकरणीय ऊर्जा परियोजनाले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि विद्युतीय चुलोको प्रयोग र कार्बन कर तथा जैविक इन्धनबारे श्वेतपत्र विकास गर्न सहयोग गरेको छ।

युएनडीपीले माइक्रो हाइड्रोपावरलाई व्यावसायिक रूपमा सम्भाव्य बनाउनको पनि सरकारलाई सहयोग गरेको छ। १५ औं पञ्चवर्षीय योजनामार्फत स्थानीय र प्रादेशिक ऊर्जा योजना तयारीमा पनि सहायता प्रदान गरेको छ। माइक्रो हाइड्रो परियोजना सञ्चालनका लागि दिगो समाधान पत्ता लगाउनु युएनडीपीको लामो समयदेखिको प्राथमिकता हो। उद्यम प्रवर्द्धनका लागि नवीकरणीय ऊर्जा र उद्यमको रूपमा नवीकरणीय ऊर्जा अवधारणा सुरु गर्नु पनि यसअन्तर्गत पर्छ। नवीकरणीय ऊर्जामा ध्यान दिने सोच सामाजिक पूर्वाधार मात्र नभई नाफामूलक सम्पत्ति पनि हो। नमुना परियोजनाका रूपमा युएनडीपीले २५ वटा माइक्रो हाइड्रो प्लान्टलाई नाफामूलक व्यवसायका रूपमा अघि बढाउन छनोट गरेको छ। उनीहरूको संस्थागत क्षमता सुदृढीकरण तथा ऊर्जाको अधिकतम उपयोग गर्दै अवसरहरू सदुपयोग गर्नुका साथै व्यवस्थापन प्रक्रियामा सकारात्मक प्रोत्साहन निर्माण गरी यो लक्ष्य हासिल गर्न सहयोग दिइन्छ।

उदाहरणका रूपमा रुकुम जिल्लामा रहेको सिम्ली खोला माइक्रो हाइड्रो प्लान स्थानीय उद्यमीलाई व्यावसायिक रूपमा सञ्चालनका लागि भाडामा दिइएको छ। सामुदायिक-निजी-साझेदारी मोडलमा यो आयोजना भाडामा लगाइएको हो। त्यसयता हाइड्रो प्लान्टले



हाम्रो लघु जलविद्युत् आयोजनाको व्यावसायिक सञ्चालनले अतिरिक्त आय गर्न सक्ने भएका छौं। सहकारीले तोकेको अन्य सुविधासहित मैले नियमित तलब पाइरहेको छु।

**भक्ति ठकुल्ला,**
धर्नका मिटर रिडर

आफ्नो आम्दानीमा तीन गुणाले वृद्धि गरेको छ। यसले मासिक ७ सय ५० अमेरिकी डलर आम्दानी गरिरहेको छ भने निरन्तर विद्युत् आपूर्ति पनि दिइरहेको छ। युएनडीपीले धेरै साझेदारहरूसँग सहकार्य गर्छ। तीमध्ये ग्लोबल एलायन्स फर क्लिन कुकिङ, पिपुल इनर्जी एन्ड इनभारोमेन्ट डेभलपमेन्ट एसोसिएसन, काठमाडौं पावर एन्ड इनर्जी ग्रुप, कन्भेन्ट्री युनिभर्सिटी र ब्रिस्टोन युनिभर्सिटी सँग ऊर्जाको एक मात्र स्रोत मिनी/माइक्रो हाइड्रो रहेका बस्तीहरूमा विद्युतीय चुलो प्रवर्द्धनका लागि साझेदारी गरिएको छ। माइक्रो हाइड्रो प्लान्टमा ऊर्जा दक्ष विद्युतीय चुलोको प्रभाव विश्लेषण तथा प्रयोगकर्ताहरूको स्वीकारोक्तिका लागि स्थलगत रूपमा परीक्षण भइरहेको छ।

प्रयोगशालामा गरिएको परीक्षणपछि सिम्ली खोला माइक्रो हाइड्रो प्लान्टबाट विद्युत् खपत गर्ने १० वटा परिवारलाई इन्डक्सन चुलो वितरण गरिएको छ। इन्डक्सन चुलोले समय र ऊर्जा खर्च बचत गर्ने भएकाले यसका प्रयोगकर्ताहरू यसबाट सन्तुष्ट छन्। यो सफल पर ीक्षणका आधारमा यस्तै खालका चुलोका विभिन्न पर ीक्षण सञ्चालन गरिनेछ।



**२८०**

महिलाहरुले सन् २०१९मा विभिन्म शीपमूलक कामहरुगरे।

महिला नेतृत्वको व्यवसायलाई स्थापित गर्न युएनडीपीले ऊर्जा र गैरऊर्जामा आधारिमा व्यवसायमा महिला सहभागितामार्फत महिला सशक्तिकरणमा सक्रियतापूर्वक सहभागी भएको छ। युएनडीपीको अनुदान तथा सहुलियतको माध्यमबाट महिलाहरूलाई व्यवसाय सञ्चालनको साथै उत्पादन तथा बजारीकरणको सबै प्रक्रियामा सहभागिताका लागि उत्प्रेरित भएका छन्। युएनडीपीले महिलाहरूका लागि विभिन्न सीप मूलक तालिम पनि प्रदान गरेको छ। सन् २०१९ मा २८ वटा विद्युत्मा आधारित व्यवसाय स्थापना गर्न युएनडीपी सफल भएको छ, जसमध्ये १० वटा व्यवसायको स्वामित्व महिलाहरूसँग छ।

संस्थागत विकास तथा सुदृढीकरण पक्षतर्फ युएनडीपीले आठ वटा ग्रामीण सहकारी स्थापनाका लागि सहायता गरेको छ। मिनी हाइड्रो, सोलार मिनी ग्रिड र माइक्रो हाइड्रो परियोजनाको सञ्चालन तथा व्यवस्थापनका लागि यी सहकारीहरू स्थापना भएका हुन्। ४ हजार २ सय १५ जना सदस्य रहेका कुल १ सय ५० भन्दा बढी बचत तथा ऋण समूह स्थापना भएका छन्, जसमध्ये ३ हजार २ सय बढी सदस्य महिला छन्। सन् २०१९ को अन्त्यसम्ममा यी समूहहरूमा जम्मा भएका कुल बचत र

अछाम जिल्लामा लघु-जलविद्युतका उपभोक्ता समूहको बैठकमा सदस्यहरु उर्जा मेसीनरी (प्लान्ट) को कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा छलफल गर्दै। **युएनडीपी नेपाल**



कम करिब १ लाख ४० हजार अमेरिकी डलर पुगेको छ भने २ लाख अमेरिकी डलर बराबरको रकम यिनका सदस्यहरूलाई ऋण लगानीका रूपमा दिइएको छ। यी बचत तथा ऋण समूहहरूले कुल २३ हजार अमेरिकी डलरभन्दा बढी रकम नाफा गरेका छन्।

सन् २०१९ मा युएनडीपीले दक्षिण एसियाली उपक्षेत्रीय आर्थिक सहकार्य (साउथ एसिया सब रिजनल इकोनोमिक कोअपरेसन सँगको सहकार्यमा दुई वटा मिनी हाइड्रो परियोजना अघि बढाएका छन्। अन्य थप सात वटा मिनी हाइड्रो पावर परियोजना निर्माणाधीन अवस्थामा छन्। यसैगरी युएनडीपीले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलाई ३६ वटा सम्भावित मिनी ग्रिड परियोजनाको सूची तयार पार्नका लागि सहयोग गरेको छ, जसमध्ये तीन वटा अहिले निर्माणाधीन अवस्थामा छन्।

## जलवायु उत्तरदायी कृषितर्फ

**जब बजेटमा जलवायुलाई ध्यान दिइन्छ तब कृषिलाई फाइदा हुन्छ।**

युएनडीपीले सन् २०१९ मा नेपाल सरकारलाई विशेषगरी कृषि क्षेत्रको जलवायु सान्दर्भिक बजेट र खर्चको वास्तविक तथ्यांक राख्नका लागि सहयोग गरेको थियो। नयाँ कोडिङ प्रणालीको विकासले यो काम सम्भव भएको थियो। यो कोडिङ प्रणाली मन्त्रालय तहमा बजेट निर्माणको क्रमम कार्यान्वयन गरिन्छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले पहिलो पटक यो टुलमार्फत क्रियाकलापहरूको जलवायु सान्दर्भिक बजेटसम्बन्धी तथ्यांक राख्न सुरु गरेको छ। मन्त्रालयलाई यो टुल (कोडिङ प्रणाली) को सञ्चालनका लागि निर्देशिका विकास गर्न युएनडीपीले सहयोग गरेको छ। यस्तै बजेट निर्माण गर्ने र योजना

सन् २०१२ देखि युएनडीपीले सरकारलाई यसका योजना तथा बजेट प्रक्रियाहरुमा जलवायु परिवर्तन र प्रकोप जोखिम न्यूनीकरणलाई जोड्नको लागि जलवायु कोडको विकास र प्रयोगमार्फत सहयोग गरेको छ।

बनाउने मन्त्रालयका शाखा तथा प्रदेशस्तरीय विभागका ४० जना अधिकृतहरूका लागि यसबारे विशेष तालिम दिन पनि युएनडीपीले सहायता गरेको छ।

सन् २०१९ (आर्थिक वर्ष २०७६/७७) मा मन्त्रालयले विनियोजन गरेको ६८ प्रतिशत बजेट जलवायु सान्दर्भिक रहेको यो प्रणालीको तथ्यांकले देखाएको छ। जलवायु सान्दर्भिक बजेटको यो परिणाम यसअघिको वर्षको भन्दा १६ प्रतिशतले बढी हो।

यो कोडिङ प्रणालीले योजनाकर्तालाई जलवायु सम्बन्धित क्रियाकलाप लैंगिक रूपमा उत्तरदायी बनाउन पनि सहयोग गर्छ भने जलवायु जोखिमसम्बन्धी जानकारी प्रयोग गर्न र पेरिस सम्झौता तथा दिगो विकास लक्ष्यअन्तर्गतका राष्ट्रिय जलवायु परिवर्तन लक्ष्य हासिलका लागि पनि सहयोग गर्छ। सन् २०१२ देखि युएनडीपीले नेपाल सरकारलाई जलवायु कोडको एप्लिकेसन र विकासमार्फत बजेट तथा योजना प्रक्रियामा जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणलाई एकीकृत गर्न पनि पनि सघाएको छ। जलवायु कोडिङलाई मिहीन र शुद्ध ढंगले लैंगिक विषयमा केन्द्रित रहेर क्रियाकलापको तहमा विस्तार गरिएको यो पहिलो पटक थियो।

नेपाल सरकारले क्रियाकलाप तहको जलवायु कोडिङ एप्लिकेसनलाई सबै मन्त्रालयमा विस्तारको तयारी गरेको छ। मन्त्रालयहरूले पनि जलवायु कोडलाई आफ्नो कार्यक्रममा अंगीकार गर्न सुरु गरेका छन्।

जलवायु सार्वजनिक खर्च समीक्षामा उदाहरणीय हुने गरी नेतृत्व र नवीन सोच  देखाएका कारण नेपाल सरकारले सन् २०१३ मा साउद एसिया ट्र्यांगुलर कोअपरेसन लिडरसिप अवार्ड पनि प्राप्त गरेको थियो। जसका कारण जलवायु परिवर्तन बजेट कोड एप्लिकेसनको संस्थागत तथा विकास भएको थियो।



↑ पाल्पाको सत्यवती तालमा गरिएको संरक्षण पहल। ग्लोबल इन्भाइरोमेन्ट फ्यासिलिटीको लघु अनुदान कार्यक्रमको सहयोगमा युएनडीपीले कार्यान्वयन गरेको कार्यक्रमले उक्त स्थानमा उच्च पर्यटक भित्राउने लक्ष्य राखेको छ।
📷 **युएनडीपी नेपाल**


# जलवायु परिवर्तन अनुकूलनमा नेपाललाई सहयोग

**नेपालका गरिब र सबैभन्दा बढी जोखिममा रहेका समुदायहरूले जलवायु परिवर्तनको सामना गर्न सक्छन् भन्ने सुनिश्चितताका लागि काम जारी।**

नेपाल जलवायु परिवर्तन सहायता कार्यक्रम युएनडीपी र नेपाल सरकारको संयुक्त अभियान हो र यसलाई डीएफआइडीले सहायता गरेको छ। सन् २०१९ मा यसले कर्णाली, सुदूरपश्चिम र प्रदेश ५ का १४ वटा स्थानीय तहलाई आफ्नो योजनामा जलवायु उत्थानशील रणनीति समावेश गर्न सहयोग गरेको छ। यसका कारण ८० भन्दा बढी जलवायु उत्थानशील विकास परियोजना कार्यान्वयन भएका छन्, जसका कारण जलवायु जोखिममा रहेका ७१ हजारभन्दा बढी मानिस लाभान्वित भएका छन्, यीमध्ये आधा महिला हुन्।

यी परियोजनाले १ हजार ४ सय हेक्टर खेतीयोग्य जमिन सिँचित हुने ३३ वटा सिँचाइ तथा करिब १ हजार ५ सय घरपरिवार लााभान्वित हुने १६ वटा खानेपानी आयोजनामार्फत स्थानीय समुदायको उत्थानशीलता निर्माणमा योगदान दिएका छन् ।

यी परियोजनाबाट सडकहरू पनि सुधारिएका छन् । जलवायु उत्थानशील ४३ वटा परियोजनामा स्थानीय सरकारले पनि लगानी गरेका छन्, यी परियोजनाको कुल लगानीमध्ये स्थानीय सरकारले १५ प्रतिशत योगदान गरेका हुन् भने १५ प्रतिशत स्थानीय समुदायले प्रत्यक्ष योगदान गरेका हुन् । सन् २०१३ देखि यो कार्यक्रमले २ हजार ५ सयभन्दा बढी समुदाय नेतृत्वको जलवायु अनुकूलन परियोजना कार्यान्वयन गरेको छ । यी परियोजनामार्फत जलवायु परिवर्तनको दृष्टिले सबैभन्दा बढी जोखिममा रहेका नेपालका विभिन्न क्षेत्रमा ६ लाखभन्दा बढी मानिस लाभान्वित भएका छन् । यी परियोजनाहरूले स्थानीय तहमा अनुकूलनलाई संस्थागत पनि गरेका छन् ।



युएनडीपीको सोलार पम्प परियोजनाले सर्लाही जिल्लामा

**१००**

घरधुरीभन्दा बढि मानिसहरु लाभाविन्त भए ।

## जैविक विविधताको संरक्षण गर्दै जीविकोपार्जनको प्रवर्द्धन

**जब जैविक विविधताको संरक्षण हुन्छ, यसले जीविकोपार्जनलाई लाभ पुग्छ ।**

जैविक विविधताको संरक्षणमार्फत जीविकोपार्जन सुधारका लागि समुदायस्तरका अभियानलाई गरिँदै आएको सहायता निरन्तरता दिन ग्लोबल इनभारोमेन्ट फ्यासिलिटी स्मल ग्रान्ट प्रोग्रामअन्तर्गत १२ वटा परियोजना सम्झौता गरेको छ । यसअन्तर्गत यार्चागुम्बाको दिगो व्यवस्थापन, सिमसार संरक्षण, जलवायु अनुकूल (स्मार्ट) कृषिको प्रवर्द्धन र वातावरणमैत्री गाउँ

विकासजस्ता समुदाय नेतृत्वका संरक्षण परियोजनाहरू पर्छन् ।

नेपाल सरकारलाई औपचारिक रूपमा पारो (मर्करी) रहित स्वास्थ्य सेवा र दन्त सेवा अंगीकार गर्न पनि यो स्मल ग्रान्ट प्रोग्रामको सहयोग मुख्य थियो । २१ अगस्ट २०१९ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बालबालिकाका साथै गर्भवती तथा सुत्केरी महिलाको दाँतमा पारो मिलाएर बनाइएको वस्तु प्रयोग गर्न रोक लगाएको थियो । आगामी पाँच वर्षमा सबै स्वास्थ्य सेवामा पारो प्रयोग गर्न बन्देज लगाउने सरकारको तयारी छ ।

चितवनको गैंडा ताल, बारामा रहेको शीर्ष ठाकुर मूल, पाल्पाको सत्यावती ताल र कञ्चनपुरको बन्द ताल गरी १० हेक्टर क्षेत्रमा फैलिएको चार वटा सिमसार क्षेत्रको युएनडीपीले सफलतापूर्वक संरक्षण गरेको छ । स्थानीय समुदायको नेतृत्वमा सत्यावती ताल संरक्षणका लागि गुरुयोजना तयार भएको छ । संरक्षण अभियानले यी क्षेत्रमा सकारात्मक परिवर्तनहरू ल्याएको छ । उदाहरणका लागि कञ्चनपुरस्थित बन्द तालमा पहिलो पटक ठूलो कल्ले काठफोर (ग्रेट स्लेट्ली उडपिकर) चरा देखिएको छ, जुन नेपालका संरक्षित क्षेत्रभन्दा बाहिर पाइन्थ्यो । सर्लाही जिल्लामा युएनडीपीको सौर्य (सोलार) पम्प परियोजनाबाट एक सय जना लाभान्वित भएका छन् । यी पम्पको माध्यमबाट चार हेक्टर कृषियोग्य जमिन सिँचित भइरहेको छ, जुन यसअघि खेतीका लागि आकासे पानीमा भर पर्नुपर्थ्यो । यी पम्पको कारण वार्षिक सात हजार लिटर डिजेल खपत कम भएको छ । यसैगरी स्मल ग्रान्ट परियोजनाको प्रत्यक्ष सहयोगमा तनहुँ, कपिलवस्तु र सुनसरी जिल्लाका तीन सयभन्दा बढी कृषक परिवारले १५ टन अर्गानिक तरकारी उत्पादन गरी ७० हजार अमेरिकी डलरभन्दा बढी रकम आर्जन गर्न सफल भएका छन् ।

सर्लाही जिल्लामा युएनडीपीको सौर्य (सोलार) पम्प परियोजनाबाट एक सय जना लाभान्वित भएका छन् । यी पम्पको माध्यमबाट चार हेक्टर कृषियोग्य जमिन सिँचित भइरहेको छ, जुन यसअघि खेतीका लागि आकासे पानीमा भर पर्नुपर्थ्यो ।



टिका माया थापा मगर र उनका पांच परिवार अहिले सुरक्षित घरमा छन् ।
गोरखामा बनेको २६९१२ भूकम्प प्रतिरोधात्मक घरहरुमध्ये यी पनि एक हुन् ।
📷 **युएनडीपी नेपाल**

फिचर

# ध्यानबहादुर पानी-घट्ट पुनःस्थापित गर्दै

**दोलखाको लाकुरीडाँडामा ढुंगाको जाँतोबाट निस्किएको आवाज चरौंदी नदीमाको आवाजमा गएर बिलाउँछ। नदी छेउ सानो छाप्रोमा रहेको पानी-घट्टमा ध्यानबहादुर कार्की ध्यानपूर्वक मकै पिधिरहेका छन्।**

'मेरो शारीरिक अवस्थाका कारण काम गर्न गाह्रो छ तर हरेक दिन मैले काम गर्छु। गर्नैपर्छ,' ध्यानबहादुर भन्छन्। यत्ति भन्दै गाह्रो गरी शरीर झुकाएर उनी पिँध्नका लागि बोराबाट मकै जाँतोमा खन्याउँछन्।



आफ्नो पानी-घट्टमा ध्यानबहादुर। यो पानी-घट्टले उनको जीविकोपार्जन चलेको छ। © **युएनडीपी नेपाल**

दस वर्षअघि ध्यानबहादुरको मेरुदण्डमा चोट लागेको थियो। गाईबस्तुका लागि घाँस काट्दै गर्दा उनी रुखबाट लडेका थिए।

समयमै उपचार नपाएका कारण बिस्तारै उनको दुवै खुट्टाले पनि काम गर्न छाड्दै गए। परिवारमा काम गर्न सक्ने एक्लो सदस्य भएका कारण ध्यानबहादुरले त्यसयता निकै कष्टप्रद जीवन बिताउनुपरेको छ। अपांगता भएकी पत्नी र विद्यालय जाने उमेरका दुई सन्तानलाई उनले हुर्काउँदै आएका छन्।

चार वर्षअघिको भूकम्पले ध्यानबहादुरको पानी-घट्ट पूर्ण रूपले क्षति भयो र काम रोकियो। भूकम्पका कारण उनको घर पनि पूर्ण रूपले भत्कियो र दुई वर्षसम्म उनको परिवार अस्थायी टहरोमा बस्न बाध्य भयो। आफू बस्ने छाप्रोमाथि छाना हाल्नु उनको सबैभन्दा पहिलो प्राथमिकता थियो।

'जसोतसो घर त बनाएँ तर त्यसले झन् ऋणको भार थप्यो। अहिले पनि ऋण तिर्न बाँकी छ। पानी-घट्ट नचलाई ऋण तिर्न सक्दिनँ,' उनी भन्छन्।

युरोपियन युनियनको नागरिक संरक्षण र मानवीय सहायताअन्तर्गत युएनडीपीले ध्यानबहादुरको पानी-घट्ट जीआई वायर कन्टेनमेन्ट रिइन्फोर्समेन्ट प्रविधि प्रयोग गरी पुनःस्थापना गरी सञ्चालनयोग्य बनाएको छ।

केही महिनायता पानी-घट्ट सञ्चालनमा आएपछि ध्यानबहादुर पुरानै लयमा फर्किएका छन्। लाकुरीडाँडाका करिब ८० घरपरिवारलाई उनको पानी-घट्टले सेवा दिँदै आएको छ।

ध्यानबहादुर अब आफ्नो पानी-घट्टमा अर्को जाँतो थप्न चाहन्छन् र नजिकैको बजारसम्म आफ्नो सेवा विस्तार गर्न चाहन्छन्। दोलखा र सिन्धुपाल्चोक जिल्लामा ध्यानबहादुरका जस्ता ३० भन्दा बढी साना उद्यमलाई यो परियोजनामार्फत सहयोग जारी छ।

चुनौतीपूर्ण अवस्थामा पनि ध्यानबहादुर अहिले ऊर्जावान् छन् र आत्मविश्वास र आशावादी भएर बोल्छन्।

'म मेरा सन्तानका लागि यो काम गरिरहेको छु। म उनीहरूलाई उचित शिक्षा दिन चाहन्छु, जसका कारण उनीहरूले मैले जस्तो दुःख नपाउन्।'

खण्ड ४

# लैंगिक समानता र सामाजिक समावेशिता प्रवर्द्धन

**न्यायमा पहुँच अभिवृद्धि, महिला सशक्तिकरण, उद्यमशीलताको विकास, नागरिक पहुँचको अभिवृद्धि र उत्थानशीलताको प्रवर्द्धनले विशेषगरी महिला, अपांगता भएका व्यक्ति, यौनिक अल्पसंख्यक र अन्य सीमान्तकृत समूहलाई लाभ पुग्छ ।**

सन् २०१९ मा युएनडीपीको एउटा मुख्य प्राथमिकता विशेषगरी निर्वाचित र सीमान्तकृत समुदायको प्रतिनिधित्व गर्ने महिला नेतृहरूको क्षमता अभिवृद्धि निर्माणका लागि राज्य र गैरराज्य निकायलाई सघाउनु थियो ।

युएनडीपीले सन् २०१९ भर तीनै तहका सरकारसहित न्याय क्षेत्रका संस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकाय, सुरक्षा फौज र नागरिक समाज संघसंस्थाहरूलाई उनीहरूको कार्यक्रम र क्रियाकलापमा लैंगिकता, समावेशिता र अपांगतालाई समावेश गर्नका लागि साझेदारी गरेको थियो ।




HUMANS
SHE
THEY
HE

नेपालमा सञ्चालित कार्यक्रममा लैंगिक समानता र सामाजिक समावेशितालाई प्रमुख प्राथमिकतामा राखेको युएनडीपीका सबै परियोजनाहरूले न्यायमा पहुँच अभिवृद्धि, महिला सशक्तिकरण, उद्यम विकास, नागरिक पहुँचको अभिवृद्धि, उत्थानशीलता प्रवर्द्धन, विशेषगरी महिलालाई लाभान्वित गर्ने, अपांगता भएका व्यक्ति, यौनिक अल्पसंख्यक र अन्य सीमान्तकृत समुदायका लागि अर्थपूर्ण प्रगति गरेका छन् । यसका साथै युएनडीपीले सात सयभन्दा बढी न्यायिक समिति सदस्यहरूलाई मानव अधिकारमा आधारित शैलीबाट मुद्दा हेर्ने शैली र तरिकाबारे तालिम अभिमुखीकरण गरेको छ । दिगो विकास लक्ष्यको स्थानीयकरण, कानुन निर्माण र अन्य अनुगमन कामका लागि क्षमता अभिवृद्धि गर्ने उद्देश्यसहित आयोजित ज्ञान आदानप्रदान सत्रमा ६ सयभन्दा बढी (झन्डै आधा महिला) सांसदहरू संलग्न भएका छन् । २१ हजार ८ सयभन्दा बढी व्यक्तिहरू (५ मा ४ भन्दा बढी महिला) लाई सीपमूलक तालिम र प्राविधिक सहयोगमार्फत लघु उद्यमी बनाउन सरकारलाई युएनडीपीले सघाएको छ ।

युएनडीपीले हिंसा न्यूनीकरणका लागि सुरक्षा निकायसँग पनि मिलेर पनि वर्षैभरि केही काम गरेको थियो । लैंगिक हिंसा रोक्नका लागि सशस्त्र प्रहरी बलसँग मिलेर संयुक्त अभियान सञ्चालन गरिएको थियो, जुन १ हजार १ सय सशस्त्र प्रहरीका अधिकृत र विद्यार्थी (३८ प्रतिशत महिला) माझ पुगेको थियो । यसले सशस्त्र प्रहरी बलको लैंगिक युनिटलाई आफ्नो संस्थाभित्रको यस्ता घटनाहरू न्यूनीकरण र व्यवस्थापन गर्नका साथै सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौतासम्बन्धी विषयमा संस्थागत क्षमता अभिवृद्धिका लागि सघाएको छ ।

संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् संकल्प १३२५ र १८२० र यसपछिका संकल्पमा राष्ट्रिय कार्ययोजना (दोस्रो चरण) लाई अन्तिम रूप दिन गृह मन्त्रालयलाई प्राविधिक सहायता प्रदान गर्नुको साथै युएनडीपीले यूएन ओमन र अन्य राष्ट्रसंघीय निकायहरूसँग संयुक्त रूपमा काम गरेको छ । उक्त प्राविधिक सहयोग राष्ट्रिय कार्ययोजनाको दोस्रो चरण तयार पार्नका लागि गृह मन्त्रालयका लागि महत्वपूर्ण थियो । यो

युएनडीपीले हिंसा न्यूनीकरणका लागि सुरक्षा निकायसँग पनि मिलेर पनि वर्षैभरि केही काम गरेको थियो । लैंगिक हिंसा रोक्नका लागि सशस्त्र प्रहरी बलसँग मिलेर संयुक्त अभियान सञ्चालन गरिएको थियो, जुन १ हजार १ सय सशस्त्र प्रहरीका अधिकृत र विद्यार्थी (३८ प्रतिशत महिला) माझ पुगेको थियो ।

कार्ययोजना हिंसा पीडितको चासो र प्राथमिकता, विशेषगरी द्वन्द्व सम्बन्धित यौनिक हिंसाका पीडित, पूर्व महिला लडाकु, द्वन्द्वको क्रममा भएका बलात्कारका घटनाबाट जन्मिएका बालबालिका र बेपत्ता पारिएका परिवारको विषयमा केन्द्रित छ । यो तयार पार्ने प्रक्रिया पूर्ण रूपमा सहभागितामूलक थियो । संघीय, प्रदेश र स्थानीय तहमा गरिएको शृंखलाबद्ध परामर्श संवादमा १ हजार २ सय प्रत्यक्ष रूपमा सहभागी थिए ।

मानवीय तयारी र प्रतिकार्यमा लैंगिक पक्षलाई पनि एकीकृत गर्नका लागि सहभागीहरूको क्षमता अभिवृद्धि गर्न गृह मन्त्रालयसँग युएनडीपी र यूएन ओमनले संयुक्त रूपमा काम गरेका थिए । राष्ट्रिय विपद् प्रतिकार्य प्रारूप र पाँच क्षेत्रगत आपत्कालीन योजना (स्वास्थ्य, आवास, खाना, सरसफाइ र पोषण) लैंगिक समानता र सामाजिक समावेशिताको दृष्टिकोणसँग समाहित हुने गरी परिष्कृत गरिएको छ ।

मानवीय कार्यक्रमहरूमा लैंगिक सवाललाई एकीकृत गर्ने विषयमा ७८ मानवीय क्षेत्रमा काम गर्ने व्यक्तिहरू (४५ जना महिला र चार जना यौनिक अल्पसंख्यक) को क्षमता अभिवृद्धि गरिएको छ । मानवीय कार्यमा लैंगिक समानताका लागि सामूहिक जिम्मेवारी प्रवर्द्धन गर्न सरकार र मावनीय क्षेत्रमा काम गर्ने साझेदारबीच साझेदारी सुदृढीकरणका लागि यसले सहयोग गरेको छ ।

अपांगता भएका व्यक्तिसँग सम्बन्धित कानुनी तथा संवैधानिक प्रावधानहरू र अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिसहितका अन्तर्राष्ट्रिय महासन्धिका प्रावधानहरू एकीकृत योजना र बजेटमा समावेश गराउनका लागि सुदूरपश्चिम प्रदेश सरकारलाई युएनडीपीले सहायता गरेको छ । यो सहायताको एउटा अंगका रूपमा युएनडीपीले राष्ट्रिय अपांगता महासंघ नेपालसँगको साझेदारीमा सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयलाई अपांगता समन्वय समिति गठनका लागि पनि सहयोग गरेको छ । यो समितिले प्रदेश सरकारलाई अपांगतामैत्री कानुन, नीति र कार्यक्रम अंगीकार गर्नका लागि सहायता गर्छ ।

फिचर

# बाधा पन्छाएर सफलताः अटो मर्मतमा महिला

**परम्परागत रूपमा पुरुषको वर्चश्व रहिआएको अटो मर्मतको काममा हेटौंडाका महिलाहरू पनि बिस्तारै सामेल हुंदै छन् ।**



अनुजा प्रजाले आफ्नो बाल्यकालभरि चारपांग्रे सवारी देखेकी थिइनन् । तर उनको बाल्यकाल र अहिलेको अवस्थामा धेरै परिवर्तन आइसकेको छ । आदिवासी चेपाङ समुदायको प्रतिनिधित्व गर्ने अनुजाले सेप्टेम्बर २०१९ यता मोटरसाइकल मेकानिकका रूपमा काम गरिरहेकी छन् ।

अटो मेकानिक तालिममा सहभागी भएपछि अनुजा र उनका नौ जना साथीहरू मिलेर हेटौंडामा वर्कसप खोलेका छन् । महिलाहरू मात्रै मिलेर खोलेको यो क्षेत्रको यो पहिलो वर्कसप हो । ‘पुरुषहरूले मात्रै गर्ने काम ठानिएको यो व्यवसायमा सहभागी भएकामा गर्व लाग्छ,’ उनी भन्छिन् । सोही वर्कसपमा काम गर्ने निरु सुनुवार सुरुमा आफूहरूलाई सजिलो काम मात्रै गर्न दिइएको बताउँछिन् । ‘तर पछि मानिसहरूले हामीलाई विश्वास गर्न थालेका छन् । मलाई लाग्छ आगामी दिनमा हामी थप व्यस्त हुन्छौं,’ उनी भन्छिन् ।

हेटौंडामा अर्को एक समूहले पनि भर्खरै अटो रिक्सा मेकानिक तालिम सकेका छन् । तालिमपछि उनीहरूले वर्कसप खोलेका छन् । दुवै समूहलाई हेटौंडा उपमहानगरपालिका र युएनडीपीको दिगो विकास परियोजना स्थानीयकरण परियोजनाले सहयोग गरेका हुन्, जसबाट उनीहरूले आवश्यक औजार र उपकरणहरू पाएका छन् । यसका अतिरिक्त स्थानीय रूपमा उनीहरूलाई महिला सशक्तिकरण र गरिबी निवारण समूह नेपाल तथा एकीकृत गाउँ विकास समाजले उनीहरूलाई सहयोग गरिरहेका छन् ।

दिगो विकास लक्ष्य स्थानीयकरण परियोजनाअन्तर्गत सञ्चालित विभिन्न अभियानमार्फत १७ हजार व्यक्ति (जसमध्ये ७० प्रतिशत महिला) लाभान्वित भएका छन् । यो परियोजना ७ प्रदेशका १४ जिल्लामा सञ्चालित छ ।

# दस समाधानहरू

## भवन निर्माणका लागि अनलाइनबाटै स्वीकृति (ई-पर्मिट)

भवन निर्माण स्वीकृति लिनु सहज छैन, घर बनाउनेले महिनौंसम्म लामो र जटिल प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। तर युएनडीपीको सहयोगमा बनेको विद्युतीय भवन स्वीकृति प्रणाली (ईबीपीएस) नामक सफ्टवेयरले नगर पालिकाहरूमा झन्झटिलो प्रणालीलाई सुधार गरिरहेको छ। ईबीपीएस एक अनलाइन सफ्टवेयर एप्लिकेसन हो, जसले भवन निर्माण स्वीकृति लिने प्रक्रियालाई सहज बनाउँछ र भवन संहिताको अनुपालनमा सुधार गर्छ। सन् २०१५ मा सुरु गरिएको सफ्टवेयर एक दर्जनभन्दा बढी नगरपालिकामा लागू भइसकेको छ, जसमध्ये काठमाडौं महानगरपालिका पनि एक हो। सन् २०१९ मा युएनडीपीले वीरगन्ज र चाँगुनारायण गरी थप दुई नगरपालिकालाई पनि यो सफ्टवेयर अंगीकार गर्नका लागि सहयोग गरेको छ। सफ्टवेयरको सफलताको दर र यसले सेवाग्राहीलाई सेवा लिने प्रक्रियामा ल्याएको प्रभावकारिताका कारण यो सबै ७ सय ५३ स्थानीय सरकारहरूमा लागू गर्न सकिने सम्भावना छ।

- ईबीपीएसले पारदर्शितामा प्रत्यक्ष फाइदा पुऱ्याएको छ भने सार्वजनिक सेवाको प्रावधानमा पनि दक्षता अभिवृद्धि गरेको छ। यो प्रविधिले नगरपालिका सरकार र नागरिकलाई भवन निर्माण स्वीकृतिको आवेदन राम्ररी पहिचान गर्न सघाएको छ। यसका साथै भवन संहिता अनुपालनको अवस्था अनुगमन पनि सहज बनाएको छ। भवन संहिताको प्रभावकारिता अनुगमन हुनु विपद् जोखिम न्यूनीकरणको महत्वपूर्ण काम हो।

## तथ्यांक र विपद्

विश्वसनीय तथ्यांकले विपद् व्यवस्थापन बढाउन सहयोग गर्छ। विशेषगरी तीनै तहका सरकारका प्रमुख निकायका लागि तथ्यांकहरू पहुँचयोग्य बनाउन गृह मन्त्रालयले नयाँ विपद् जानकारी व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याएको हो। विपद् डट जीओभी डट एनपी नाम दिइएको यो नयाँ प्रणाली विपद्सम्बन्धी एकीकृत जानकारी तथा तथ्यांकका लागि खुला र सहज वेबसाइट हो। यो प्रणालीको ब्याक-इन्ड सिस्टम (वेबसाइटमा तथ्यांक तथा जानकारी हाल्ने सिस्टम) निर्माणसहित पूर्ण प्रणाली निर्माणको प्रक्रियामा युएनडीपीले प्राविधिक सहयोग प्रदान गरेको थियो। डीआईएमएसको क्षति तथा हानिसम्बन्धी तथ्यांकीय प्रणालीको डिजाइन तथा निर्माणमा ग्लोबल सेन्टर फर डिजास्टर स्टाटिस्टिक्स जापान, फुजित्सु जापान र टोहोको युनिभर्सिटी जापानअन्तर्गत युएनडीपीको क्षेत्रीय अभियानमार्फत थप सहायता परिचालन गरिएको थियो।

- डीआईएमएसले विपद्का घटना, क्षति तथा हानिसम्बन्धी तत्कालीन र विश्वसनीय जानकारीमा पहुँच अभिवृद्धि गर्न सघाउ पुऱ्याएको छ। यो प्रणालीले दिने जोखिम प्रोफाइलले विपद् जोखिम न्यूनीकरण गर्न र नागरिकलाई सुरक्षित बनाउन समय संवेदनशील हिसाबले निर्णय गर्ने क्षमता अभिवृद्धि गर्न सहयोग गरेको छ।

## कानुनको डिजिटल अर्काइभ

न्यायमा पहुँच तथा कानुनको प्रभावकारी कार्यान्वयनका लागि प्रभावकारी समाधान पनि आवश्यक पर्छ। अहिले कार्यान्वयनमा रहेको कानुन तथा नियमबारे सम्बन्धित कानुन कार्यान्वयन गर्ने निकाय तथा सर्वसाधारणलाई यसबारे चेतना फैलाउनु अत्यावश्यक छ। यसका लागि युएनडीपीको सहयागमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले सफ्टवेयर प्याकेज र मोबाइल एप निर्माण गरिरहेको छ, जसले सर्वसाधारणलाई डिजिटल स्वरूपमा रहेका कानुनसम्म सहज पहुँच दिनेछ। सन् २०१९ डिसेम्बरसम्म १ सय ६० भन्दा बढी कानुनहरू डिजिटल स्वरूपमा परिवर्तन गरी नयाँ प्रणालीमा संग्रह गरिएको छ, यो प्रणाली सन् २०२० मा सार्वजनिक गर्ने तयारी छ।



रुकुमको सिम्लीमा २९ किलोवाटको सिम्ली जलविद्युतको प्रयोगमा एक महिला इन्डक्सनमार्फत खाना पकाउँदै। © **युएनडीपी नेपाल**

## हाइड्रोलिक पम्प भुटानसम्म

हिमाली जीवनका चुनौतीहरू फरक छन् र तिनलाई समाधान गर्नका लागि पनि त्यस्तै किसिमको समाधान आवश्यक पर्छ। पानीका परम्परागत स्रोतहरू सुक्दै गएका कारण नेपालका धेरै हिमाली र पहाडी गाउँहरूमा पानीको चरम अभाव भोग्नुपरेको छ। यस्तो अवस्थामा हिमालबाट झरेर तल्लो तहमा बग्ने खोलाको पानी धेरै मानिसहरू बस्ने अग्लो स्थानमा पुऱ्याउनु उत्तिकै महँगो पर्न जान्छ। तर, सन् २०१७ मा एउटा समाधान पत्ता लागेको छ : पानीमा हिँड्ने हाइड्रोलिक पम्प। युएनडीपीको साना अनुदान कार्यक्रममार्फत त्यस्ता चार वटा पम्प विकास गरेर काभ्रेमा प्रयोग गरिएको छ, जसले ६ सय मानिसलाई पानीको सहज पहुँच दिलाएको छ। सन् २०१९ मा यस्तो पम्प भुटानमा पनि निर्माण गरिएको छ, जसका लागि नेपाल र भुटानस्थित युएनडीपी कार्यालयले सघाएका थिए। यो पम्पले दुर्गम र हिमाली क्षेत्रमा बस्ने मानिसहरूले भोग्दै आएको पानीको समस्या समाधान गर्ने सम्भावना छ।

## दिगो विकास लक्ष्य स्रोत केन्द्र

दिगो विकास लक्ष्यमैत्री कानुन निर्माण तथा लागू गर्न कानुन निर्माताहरू दिगो विकास लक्ष्यबारे पूर्ण जानकार साथै यससम्बन्धी जानकारी, तथ्यांक र सन्दर्भ सामग्रीमा उनीहरूको पहुँच पुग्नु आवश्यक छ। सन् २०१९ मा संसद् सचिवालयमा दिगो विकास लक्ष्य स्रोत केन्द्र स्थापनाका लागि युएनडीपीले सहायता गरेको छ। राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिले नेतृत्व तथा व्यवस्थापन गर्ने यो स्रोत केन्द्र नेपाली र अंग्रेजी भाषामा दिगो विकास लक्ष्य तथा सुशासन सम्बन्धमा एकीकृत जानकारी, तथ्यांक तथा विवरण प्राप्त गर्नका लागि एकल विन्दु केन्द्र हो।

## विद्युतीय खरिद

विद्युत् खरिद टुलको सुरुवातको माध्यमबाट प्रदेश सरकारको प्रभावकारिता र पारदर्शिताका प्रवर्द्धनको हिसाबले एउटा मुख्य कोसेढुंगा हासिल भएको छ। गरिबी निवारणका लागि साना उद्यम विकास कार्यक्रम कार्यान्वयनका लागि सेवा प्रदायकको खरिद प्रक्रियामा यसले विशेष प्रभाव पार्छ।

पहिलो पटक सातै प्रदेश सरकारले यो विद्युतीय खरिद टुललाई अंगीकार गर्दै सञ्चालन गरेका छन् भने एमईडीपीएको निश्चित सेवा प्रदायकसँग १ करोड अमेरिकी डलरभन्दा बढीको ठेक्का सम्झौता गसिकेका छन्। यो प्रणालीले सम्भावित सेवा प्रदायकलाई आफ्नो प्रस्ताव अनलाइनबाट पेस गर्न पहुँच दिन्छ भने सरकारी अधिकारीले पनि ती प्रस्तावहरूलाई प्रभावकारी र सही तरिकाले मूल्यांकन गर्न सक्छन्। यो प्रणालीले सरकारी खरिद प्रक्रियालाई पारदर्शी र प्रभावकारी बनाउनुका साथै स्वचालित बनाउने सम्भावनालाई खुला गरेको छ।



धनकुटामा कृषकहरु तरकारीको बीउहरुको रेखदेख गर्दै। दिगो विकास लक्ष्यको स्थनीकरण परियोजना अन्तर्गत जलवायु अनुकुलन गांउ परियोजनामार्फत उक्त कृषकहरुलाई टनेल दिइएको थियो।
**युएनडीपी नेपाल**

## हरित पार्क

हरित सार्वजनिक स्थानको अभाव नेपालका अधिकांश सहरबासीका लागि चिन्ताको विषय बनेको छ। धेरै सहरहरूसँग सार्वजनिक स्थान भए पनि ती बेवास्ता गरिएका छन् वा अतिक्रमणमा परेका छन्। ललितपुर सहरको क्षेत्रफलमध्ये ५९ प्रतिशत स्थान खुला स्थान हुन्, जुन सानोमा ७४ वर्गमिटरदेखि ४४ हजार वर्गमिटरसम्म फैलिएका छन् तर तीमध्ये ९० प्रतिशत स्थानहरू अवैध पार्किङ क्षेत्र वा फोहोर फाल्ने स्थानका रूपमा दुरुपयोग भइरहेका छन्। सन् २०१९ मा युएनडीपीको एक्सिलेटर ल्याबले ललितपुर महानगरपालिका, वृक्ष फाउन्डेसन र स्थानीय समुदायसँगको सहकार्यमा यस्ता क्षेत्रलाई हरित पकेट पार्क रूपमा विकास गर्न सुरु गरेको छ। जाउलाखेल क्षेत्रमा सानो नमुना परीक्षण गरिएको छ। अव्यवस्थित र जथाभावी सहरीकरणका लागि बिस्तारै गुम्दै सामदायिक भावना यो पार्कले पुनःस्थापित गराउने अनुमान छ।

## उत्थानशील कोष

युएनडीपीले उत्थानशील कोष नामक नयाँ संयन्त्रको परीक्षण र विस्तार गरेको छ, जसले जोखिममा रहेका आवास धनीहरूलाई घर पुनर्निर्माणका लागि वित्तीय पहुँच उपलब्ध गराउँछ। यो कोषले ५ सय अमेरिकी डलरसम्म निर्ब्याजी ऋण उपलब्ध गराउँछ। घरधनीले सरकारी अनुदान प्राप्तिका लागि योग्य बन्न घरको प्रमुख संरचना निर्माण गर्न सकुन् र सरकारी अनुदानपछि घर बनाएर ऋण पनि तिर्न सकुन् भन्ने यसको उद्देश्य हो। एक जनाले ऋण तिरेपछि यो कोषबाट अर्को आवश्यक परेका घरधनीलाई ऋण उपलब्ध हुन्छ र पुनर्निर्माण सकिएपछि अन्त्यमा जोखिम न्यूनीकरण उपायमा लगानी गरिन्छ। यो संयन्त्रले गोरखा, सिन्धुपाल्चोक र दोलखा जिल्लाका विभिन्न स्थानीय तहका ३ सय २२ घरधनीलाई पुनर्निर्माणका लागि सघाएको छ।

## विद्युतीय चुलो

घरभित्रको प्रदूषण लाखौं मानिसहरूको स्वास्थ्य समस्याको कारक हो। विशेषगरी महिला तथा बालिकाहरू यसबाट बढी जोखिममा छन्। सन् २०१९ मा युएनडीपीले मिनी/माइक्रो हाइड्रोबाट ऊर्जा प्राप्त गर्ने बस्तीहरूमा विद्युतीय चुलो सुरुवात गरेका छ। ग्रामीण क्षेत्रका मानिसहरूलाई स्वच्छ, सुरक्षित र प्रभावकारी रूपमा खाना पकाउने विकल्प दिने उद्देश्यसहित यो काम गरिएको हो। माइक्रो हाइड्रोपावरबाट प्राप्त विद्युत् वितरणले धान्छ कि धान्दैन भन्ने जान्न तथा परम्परागत रूपमा प्रयोग हुँदै आएको दाउराबाट बल्ने चुलोको सट्टामा विद्युतीय चुलो लाई स्थानीयले स्विकार्छन् वा गर्दैनन् भन्ने जान्न ऊर्जा-दक्ष विद्युतीय इन्डक्सन चुलोलाई स्थानीयस्तरमै परीक्षण गरिएको थियो। उक्त परीक्षणको नतिजा सकारात्मक निस्कियो, माइक्रो हाइड्रोले राम्ररी काम गर्‍यो र प्रयोगकर्ताहरू पनि इन्डक्सन चुलोले समय तथा ऊर्जा खर्च बचाउने भएकाले सन्तुष्ट भए। स्वच्छ विद्युतीय चुलोका कारण ग्रामीण जीवनस्तरमा सुधार आउने र ऊर्जा खर्च बचत हुने अनुमान छ।



एक्सिलिरेटर ल्याब नेपालमा अगस्ट १ तारिखमा स्थापना भएको थियो। विद्यार्थी, विकास नियोगका प्रतिनिधि, अन्वेषक लगायत गरि ४०० भन्दा बढिको सहभागितामा स्टाफ कलेजमा कार्यक्रमको आयोजना गरेको थियो। © **युएनडीपी नेपाल**

## संसद्-जनता सम्बन्ध

विशेषगरी कानुन तथा विकासको विषयमा नियमित सार्वजनिक सुनुवाइ गर्नका लागि दुर्गम क्षेत्रमा रहेका निर्वाचन क्षेत्रहरूमा पुग्नु नेपाली सांसदहरूका लागि मुख्य चुनौती हो। सन् २०१९ मा युएनडीपीले सुदूरपश्चिम, कर्णाली र गण्डकी प्रदेशमा यो समस्या समाधानका लागि सहयोग गरेको छ। यी तीन प्रदेशका ३० वटै जिल्लामा भिडियो कन्फ्रेन्स सुविधा जडान गरिएको छ। हरेक जिल्लाका जिल्ला समन्वय समितिमा जडान गरिएको भिडियो कन्फ्रेन्स सुविधाले प्रदेश संसद्सँग सम्पर्क गर्न सकिन्छ। आधुनिक सञ्चार तथा सूचना प्रविधिको सुविधाबाट सांसदहरू विभिन्न समूहसँग प्रत्यक्ष संवादमा संलग्न हुन सक्छन्। यो सुविधाको प्रयोग गरी कर्णाली प्रदेश संसद्ले मुगुका जनतासँग बाढी सुरक्षासम्बन्धी विधेयकमा सफलतापूर्वक छलफल सञ्चालन गरिसकेको छ। यो प्रविधिका कारण प्रदेश सांसदहरूलाई समय र खर्चको बचत मात्रै गराएको छैन, उनीहरूलाई धेरै जनतासमक्ष पुग्न पनि सघाएको छ। यस्तो प्रविधिले संसद्को खुलापन, पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धनमा योगदान गर्ने अपेक्षा छ।

## जलवायु अनुकुलन गांउ
### (क्लाइमेट स्मार्ट भिलेज)

जलवायु परिवर्तनको जोखिममा रहेका मुलुकको सूचीमा नेपाल पनि रहेकाले बदलिँदो जलवायु परिवर्तनको सामना गर्न सक्ने गरी जनता तथा समुदायमा उत्थानशीलता विकास गर्न स्मार्ट समाधानको आवश्यकता छ। सन् २०१९ मा युएनडीपीले ‘स्मार्ट गाउँ’ को अवधारणा सुरु गर्नका लागि धनकुटा नगरपालिकासँग हातमालो गरेको छ।

यो अभियानअन्तर्गत एक तिहाइ महिला सहभागिता रहने गरी ६ सयभन्दा बढी घरधनीहरूलाई अर्गानिक तरकारी खेती तथा टनेल खेती, गोठको सुधार र फोहोर व्यवस्थापन सुदृढीकरणका लागि तालिम दिइएको छ। धेरैजसो स्थानीयले कुहिने फोहोर, घरबाट निस्किने फोहोर, गाईवस्तुको मलमूत्रको उचित प्रयोग गरी अर्गानिक खेती सुरु गरेका छन्। किसानहरूलाई हाते ट्र्याक्टर (पावर टिलर), जलवायु सुहाउँदो तरकारीको बीउ, तथा टनेल र अन्य पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने सामग्री उपलब्ध गराइएको छ। नगरपालिकाले पनि आफ्नो वार्षिक विकास योजनामा जलवायु स्मार्ट समाधानहरू एकीकृत गरेको छ। यसमा सोलार बत्तीको जडान, प्लास्टिक पोखरीको निर्माण र धनकुटा स्मार्ट कृषि मोबाइल एपको निर्माण तथा सञ्चालन पर्छन्। यो एपले स्थानीय कृषकलाई स्मार्ट कृषिको विषयमा जानकारी प्रदान गर्छ।

# दिगो विकास लक्ष्यहरूको स्थानीयकरण कार्यक्रम/परियोजना

दिगो विकास लक्ष्यहरूको व्यावहारिक प्राप्ति र गति प्रदान गर्न संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) ले विभिन्न स्थानीय सरकारहरू (१५ ओटा पालिकाहरू) सँग मिलेर नमूना परियोजनाहरूका लागि सह लगानी गरेको छ। यसबाट १७ हजारभन्दा बढी लाभान्वित भएका छन्। यो कार्यक्रमबारे संक्षिप्तमा तलको नक्सामा प्रस्तुत गरिएको छ।

धनकुटामा कृषकहरु तरकारीको बीउहरुको रेखदेख गर्दै। दिगो विकास लक्ष्यको स्थनीकरण परियोजना अन्तर्गत जलवायु अनुकुलन गांउ परियोजनामार्फत उक्त कृषकहरुलाई टनेल दिइएको थियो। **युएनडीपी नेपाल**






यस नक्सामा उल्लेखित सीमा तथा नामहरु संयुक्त राष्ट्रसंघको आधाकारिक अनुमोदन होइन ।

**प्रदेश १**

१. जलवायु अनुकुलन गाउँ, धनकुटा नगरपालिका, पर्डेप नेपाल
२. बहुसाँस्कृतिक पार्क, इनरुवा नगरपालिका, सामुदायिक विकास संस्था

**प्रदेश २**

३. सर्पदंश उपचार अस्पताल, क्षिरेश्वरनाथ नगरपालिका, सामुदायिक सुधार केन्द्र
४. पर्यटन सूचना केन्द्र, जनकपुर धाम उप महानगरपालिका, आधुनिक नेपाल

**बाग्मती प्रदेश**

५. महिला नमूना उद्यम कार्यक्रम, कमलामाई नगरपालिका, सिड्स नेपाल र डिमेगा सिन्धुली
६. महिला नमूना उद्यम कार्यक्रम, हेटौडा उप महानगरपालिका, एकिकृत गाउँ विकास समाज र वेपाग नेपाल

**गण्डकी प्रदेश**

७. सीपमूलक तालिम तथा कृषि उद्यम मार्फत आर्थिक सशक्तिकरण कार्यक्रम, वालिङ नगरपालिका, दियालो नेपाल स्याङ्जा

**लुम्विनी प्रदेश**

८. उद्यम विकास मार्फत महिलाको आर्थिक सशक्तिकरण कार्यक्रम, बुटवल उप हानगरपालिका, बुटवल टेक्निकल इन्स्टिच्यूट, रुपन्देही
९. युवाका लागि उद्यम विकास, तानसेन नगरपालिका, रेडा नेपाल, पाल्पा

**कर्णाली प्रदेश**

१०. सामुदायिक पूर्वाधार विकासः विद्यालय भवन निर्माण, तिला गाउँपालिका, जुम्ला
११. सामुदायिक पूर्वाधार विकासः सार्वजनिक शौचालय निर्माण, वीरेन्द्रनगर नगरपालिका, सुर्खेत


**सुदूरपश्चिम प्रदेश**

१२. समावेशी शासन तथा जीविकोपार्जन सहयोग कार्यक्रम, आलिताल गाउँपालिका, डडेल्धुरा
१३. महिला हिंसा विरुद्धको रोकथाम, वेदकोट नगरपालिका, कञ्चनपुर
१४. एकल महिलाको सामाजिक तथा आर्थिक सशक्तिकरण, धनगढी उप महानगरपालिका, कैलाली

**गैससमार्फत सञ्चालित परियोजनाहरू**


१५. सामुदायिक रेडियो सञ्जालमार्फत दिगो विकास लक्ष्यहरूको अभिवृद्धि, सामुदायिक रेडियो प्रसारक संघ, ललितपुर
१६. स्थानीय सरकारमा निर्वाचित महिला जन प्रतिनिधिहरूको अर्थपूर्ण सहभागिता अभिवृद्धि कार्यक्रम, दलित महिला केन्द्र नेपाल
१७. गरपालिकाको सुशासन अभिवृद्धि तथा दिगो विकास लक्ष्यहरूको स्थानीयकरण, नेपाल नगरपालिका संघ, काठमाडौं

# अनुसन्धान र प्रकाशन





### दिगो विकास लक्ष्यको प्रादेशिक आधार प्रतिवेदन

'समृद्ध प्रदेश, सुखी जनता' को नारासहित प्रदेश ५ र गण्डकी प्रदेश सरकारले आफ्नो पहिलो पञ्चवर्षीय योजना तयार पारेका छन्। संघीय सरकारले तय गरेको दिगो विकास लक्ष्य प्रतिबद्धताजस्तै प्रदेश सरकार आफ्नो दिगो विकास लक्ष्य आधार प्रतिवेदन प्रकाशित गरेर त्यसतर्फ अघि बढेका छन्। यो प्रतिवेदनले दिगो विकास लक्ष्यको हरेक नम्बरका लक्ष्यमा सम्बन्धित प्रदेश सरकारको वर्तमान अवस्था दर्शाएको छ र हरेक विकास क्षेत्रमा हासिल गरिने उपलब्धि पनि तय गरिएको छ।




### वादी समुदायको पहिचान र अवस्था

युएनडीपी, नेपालगन्ज उपमहानगरपालिका र कमिट नेपालले संयुक्त रूपमा प्रकाशित गरेको यो पुस्तकमा वादी समुदायले भोगेको सामाजिक, आर्थिक चुनौतीको बृहत् जानकारी समेटिएको छ। वादी नेपालको सबैभन्दा कम विकसित समुदाय हो। यो प्रतिवेदन बाँकेका १० स्थानीय तहमा गरिएको सर्वेक्षणमा आधारित छ, जहाँ उल्लेख्य संख्यामा वादी समुदायको उपस्थिति छ। यो सर्वेक्षणमा वादी समुदायका लागि १० वर्षे रणनीतिक योजना पनि समावेश छ।





### खुला सरकार, खुला संसद्

खुला सरकार र खुला संसद् एउटा हाते पुस्तक हो, जसले शासन र संसद्को अवधारणा, अभ्यास र शैलीबारे काम लाग्ने जानकारीहरू प्रदान गर्छ। प्रजातन्त्रको समग्र कार्य निर्धारण गर्ने सहभागिता, साझेदारी र सहनिर्माण, समावेशिता र विविधता, सार्वजनिक तथ्यांक, पहुँच, पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धन गर्ने पक्षबारे जानकारी र शैलीहरू यसले समावेश गरेको छ। ओपन गभर्मेन्ट पार्टनरसिपमा नेपालको कार्यसम्पादन कस्तो छ भन्ने विषयमा पनि यसले बृहत् तस्बिर देखाउँछ।




### नेपाल नागरिक जलवायु बजेट

२०१८/१९ जलवायु बजेटसहित नेपाल सिटिजन जलवायु बजेटले जलवायुसम्बन्धी वित्तीय स्रोत व्यवस्थानका लागि सरकारले लिएको कदमबारे जानकारी दिन्छ। नागरिक, नागरिक समाज संस्थाहरू, सञ्चारकर्मीहरू, सांसदहरू र नीति निर्मातालाई जलवायु परिवर्तन सम्बोधनका लागि सरकारले कसरी सार्वजनिक वित्त प्रयोग गर्छ भनेर बुझ्नका लागि सघाउन यो दस्तावेज तयार पारिएको हो।





### जैविक विविधता महासन्धिमा नेपालको छैटौं प्रतिवेदन

जैविधि विविधता महासन्धिमा नेपालले गरेको प्रतिबद्धता पूरा गर्नका लागि नेपालले गरेका कामहरू यो प्रतिवेदनमा समेटिएको छ। यसमा जैविक विविधताको संरक्षण, यसका तत्वहरूको दिगो रूपमा प्रयोग र आनुवंशिक स्रोतको प्रयोगबाट हुने लाभको निष्पक्ष र समान बाँडफाँटजस्ता विषय समेटिएका छन्। जैविक विविधताका लागि रणनीतिक योजना २०११-२०२० का लक्ष्यहरू हासिल गर्नका लागि भएका काम र अन्य विषयमा प्रतिवेदनले वास्तविक जानकारी दिन्छ।



### निर्वाचन न्याय स्रोत पुस्तिका

निर्वाचन न्याय स्रोत पुस्तिकाले निर्वाचन न्यायको अवधारणको विश्लेषण र निर्वाचन विवादको सम्बोधन र न्यूनीकरणको विकल्पबारे जानकारी दिन्छ। पुस्तकले निर्वाचन हिंसा सम्बोधनका लागि भएको वर्तमान राष्ट्रिय कानुन, नीति, प्रक्रिया र कार्यविधि पनि समेटेको छ। निर्वाचन विवाद प्रभावकारी रूपमा समाधान होस् भन्नका लागि यसले विविध निर्वाचन न्याय निकायबीचमा समन्वय र साझेदारीका विभिन्न क्षेत्रहरू पहिचान गर्ने लक्ष्य पनि यसको छ।




### विकास वकालत

विकास वकालतको यो संस्करणले दिगो विकास लक्ष्य कार्यान्वयन र हासिलका लागि नेपाल कसरी तयार हुँदै छ भन्ने विषयमा जानकारी दिन्छ। यसका साथै दिगो विकास लक्ष्य हासिल गर्न सबै जनाको ठोस पहल आवश्यक पर्ने पनि यसले औंल्याएको छ। 'कोही पछाडि नछुटुन्' भन्ने दिगो विकासको मन्त्रअनुसार यो प्रकाशनले आवाजविहीनहरूको आवाजको प्रतिनिधित्व पनि गरेको छ।




### नागरिक र मतदाता शिक्षा पुस्तिका

निर्वाचन आयोग, नेपालको नागरिक तथा मतदाता शिक्षा पुस्तिका १७ वटा पुस्तिकाको सेट हो। सामुदायिक स्तरका संस्थालाई नागरिक तथा मतदाता शिक्षा प्रदान गर्नका लागि यसको डिजाइन गरिएको हो। तल्लो तहसम्म नागरिक तथा मतदाता शिक्षा पुऱ्याउने सुनिश्चितता र निर्वाचनको क्रममा अयोग्य मतको संख्या घटाउन यसले आयोगलाई सहयोग गर्छ। यो पुस्तिकाका लागि शैक्षिक सामग्री विकास केन्द्र नेपाल, युनेस्को र युएनडीपीको निर्वाचन सहायता परियोजनाले सहयोग गरेका छन्।




### कृषिमा अनुकूलन मार्गचित्र

यो मार्गचित्रले कृषि क्षेत्रमा जलवायु परिवर्तन अनुकूलन चासो एकीकृत गर्नका लागि गर्नुपर्ने कामका लागि क्षेत्रहरू प्रस्ट पारेको छ। कृषि मन्त्रालयको कृषि विकास रणनीतिमा केन्द्रित भएर मार्गचित्र तयार पारिएको हो। योजना र बजेट प्रक्रियामा बिस्तारै अनुकूलन चासो एकीकरण गर्ने र वन तथा वातावरण मन्त्रालयको नेतृत्वमा भएको राष्ट्रिय अनुकूलन योजनामा योगदान गर्ने यो दस्तावेजको लक्ष्य हो।




### टीभीईटी तथ्य पुस्तिका

युएनडीपीको सीप कार्यक्रमको प्राविधिक सहयोगमा तयार र प्रकाशित भएको प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम तथ्य पुस्तिका २०७६ ले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको प्राविधिक र व्यावसायिक शिक्षा तालिमसम्बन्धी तथ्यांक र यसअन्तर्गतका निकाय र विभागको विस्तृत जानकारी दिन्छ। प्राविधिक सीप तथा व्यावसायिक तालिमसम्बन्धी नीति र कार्यक्रमहरू तयार पार्दा नीति निर्माणताले यो डाटासेटले सहयोग पुऱ्याउने अनुमान छ।

# मानव विकास प्रतिवेदन २०१९ को नेपाल र प्रदेशस्तरमा विमोचन

**प्रदेश १**



**प्रदेश २**



आयभन्दा पर, औषतभन्दा पर, आजभन्दा परः युएनडीपीको मानव विकास प्रतिवेदन २०१९ ले २१औं सताब्दीमा मानिसहरु लामो आयु बाँचीरहँदा, धेरै शिक्षित भइरहँदा र उन्नत आम्दानी गरिरहँदा यद्यपि मानव विकासमा धेरै असमानताहरु भएको प्रष्ट संकेत गर्दछ। प्रतिवेदनले मानव विकास सूचकाङ्क (एचडीआई) मा विश्वव्यापी रुपमा नेपाललाई ०.५७९ मानसहित १४७ औं स्थानमा उभ्याउँदै आफूलाई समग्र मानव विकासमा प्रगति गरेको स्पष्ट पारेको छ। तथापि, यी सुधारका बाबजुद पनि, प्रतिवेदनले नेपाललगायत विश्वलाई बढ्दो असमानता बारे खतराको घण्टी बजाइदिएको छ। प्रतिवेदनले "असमानताको नयाँ पिढी" को भीडलाई सम्बोधन गर्न विस्तृत नीतिगत सुधारको लागि आग्रह गर्दछ, जुन नयाँ प्रविधिमा असमान पहुँचका कारण उदीयमान छन्। यसलाई अनदेखा गर्नुको मूल्य अझै महंगो पर्न जाने निश्चित छ। प्रतिवेदनलाई नेपालमा काठमाडौंसहित सम्पूर्ण सातैवटा प्रदेशहरुमा नीति निर्माता, अनुसन्धाता, विकास साँझेदार, विद्यार्थीहरु र आम सञ्चार माध्यमसहित ७० जना वक्ताहरु र १००० जना सहभागीहरुका बीच एकैसाथ विमोचन गरिएको थियो।

**प्रतिवेदनले मानव विकास सूचकाङ्क (एचडीआई) मा विश्वव्यापी रुपमा नेपाललाई ०.५७९ मानसहित १४७ औं स्थानमा उभ्याउँदै आफूलाई समग्र मानव विकासमा उन्नति गरेको स्पष्ट पारेकोछ।**

प्रतिवेदनको सार्वजनिकीकरण र छलफलले धेरै पक्षहरु, जस्तो मानव विकासको अवधारणालाई नेपालको संविधानले परि कल्पना गरेको "समावेशी र समाजवाद उन्मुख" भन्ने मर्मसँग जोड्न स्पष्ट सन्देश दिएको छ। छलफलबाट सिकिएको एउटा सबैभन्दा मुख्य कुरा के थियो भने विकास भनेको सडक र पूर्वाधारको निर्माण मात्र होइन, बरु विकासको वास्तविक अर्थ भनेको समाजमा जकडिएर रहेको असमानताहरुको सम्बोधन पनि हो। माविसू प्रतिवेदनको विमोचनले नीति निर्माताहरुलाई नयाँ संघीय संरचनामा मानव विकास अवधारणाबाट उनीहरुको भविष्यको मार्ग बुझ्ने र पहिचान गर्ने उपयुक्त चक्षुको रुपमा साक्षात्कर गर्न मद्दत गर्दछ। संघीय तथा प्रादेशिक सरकारका प्रतिनिधिहरुले प्रतिवेदनको उपयोगी मुख्य नीतिगत सिफारिसहरु टिपोट गरे र उनीहरुले गरिवी र विभेदहरुबाट जनतालाई मुक्त गर्न स्वास्थ्य, शिक्षा, सीप, सामाजिक सुरक्षा जस्ता सवालहरुमा लगानी बढाउनुपर्नेमा जोड दिए।

परिणामस्वरुप, संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम (युएनडीपी) ले बढ्दो चासो प्राप्त गरको छ र विकासका मुख्य सवालहरुमा युएनडीपीसँग स्थानीय र प्रदेश सरकार संलग्न भई कार्यगर्न आह्वान गरिएको छ।

**बाग्मती प्रदेश (काठमाण्डौ)**



**बाग्मती प्रदेश (हेटौंडा)**






**गण्डकी प्रदेश**



**लुम्बिनी प्रदेश**



**कर्णाली प्रदेश**



**सुदूरपश्चिम प्रदेश**

UN Volunteers
inspiration in action

# संयुक्त राष्ट्रसंघीय स्वयंसेवकहरू



‘समावेशी भविष्यका लागि स्वयंसेवक’ नारासहित नेपालमा स्वयंसेवक दिवस मनाउँदै संयुक्त राष्ट्रसंघ नेपालका स्वयंसेवकहरू। यो नारा स्वयंसेवितामार्फत समानता र समावेशितामा केन्द्रित छ। **युएनडीपी नेपाल**

सन् २०१९ मा राष्ट्रसंघीय विभिन्न निकायहरूमा ५५ जना संयुक्त राष्ट्रसंघीय स्वयंसेवक परिचालन गरिएको थियो, जहाँ उनीहरू विपद् जोखिम व्यवस्थापन, युवा परिचालन तथा स्थानीय शासन र सामुदायिक विकासमा केन्द्रित भएका थिए ।

## बृहत् विपद् जोखिम व्यवस्थापनमा यूएनभीएस

गृह मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय विपद् सञ्चालन केन्द्र (एनईओसी) लाई विपद् जानकारी व्यवस्थापन प्रणाली (डीआईएमएस) निर्माणका लागि प्राविधिक सहायता प्रदान गर्ने कामलाई यूएनभीएसले निरन्तरता दिएको छ । विपद्सम्बन्धी बृहत् तथ्यांकसहितको यो डीआईएमएसले दीर्घकालीन रूपमा निर्णय प्रक्रिया र नीति निर्माणका लागि तथ्यांकीय आधार प्रदान गर्छ ।

## साझेदारीको एक वर्ष

सन् २०१९ मा यूएनभीले युएनडीपीलाई नागरिक समाज, निजी क्षेत्र, प्राज्ञिक तथा प्रविधिसँग सम्बन्धित संस्थाका युवासँग साझेदारी गर्नुका साथै युवाका लागि काम गर्ने सरकारी संस्थानहरूसँग पनि सहकार्य अभिवृद्धिका लागि सघायो ।

उदाहरणका लागि युएनडीपीले रोबोटिक्स एसोसिएसन अफ नेपालसँग सहकार्य गरी दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि अटोमेसन र रोबोटिक्सको महत्व दर्साउने गरी 'यन्त्र फेस्टिभल' आयोजना गरेको थियो । उक्त फेस्टिभलमा यूएनभीले दिगो विकास लक्ष्य नम्बर ९ अन्वेषण, पूर्वाधार र उद्योगसम्बन्धी सत्रलाई सहजीकरण गरेको थियो । युवा र नागरिक संलग्नताका लागि युएनडीपीले युवा नेतृत्वको संस्था 'युवा' लाई जिम्मेवारी अभियानमार्फत भ्रष्टाचार, जवाफदेहिता र पारदर्शिताबारे युवाको संवेदनशीलता बढाउन सहयोग गरेको थियो । यो परियोजना सातै प्रदेशका पाँच सयभन्दा बढी युवामा पुगेको थियो ।

निजी क्षेत्र र प्राज्ञिक क्षेत्रलाई संलग्न गराउने सन्दर्भमा युएनडीपीले किङ्स कलेजसँगको सहकार्यमा तेस्रो युथ कोःल्याब आयोजना गरेको थियो, जसको उद्देश्य युवा वर्गलाई सामाजिक उद्यमशीलता र अन्वेषणमा उत्प्रेरणा दिनु हो । दुई सयभन्दा बढी युवाहरूले उद्यमशीलताको सोच प्रस्तुत गरेका थिए भने १० वटा सामाजिक उद्यमसम्बन्धी सोच अन्तिम सत्रका लागि छनोट भएका थिए । युथ कोःल्याबका लागि व्यवसायलाई विभिन्न दिगो विकास लक्ष्यसँग जोड्न यूएनभीएसले विज्ञहरू प्रदान गरेको थियो । युवा तथा खेलकुद मन्त्रालयअन्तर्गतको राष्ट्रिय युवा परिषद् सँगको साझेदारी सन् २०१९ मा युएनडीपीले सञ्चालन गरेको युवा कार्यक्रमको मुख्य कोसेढुंगा हो । 'शिक्षामा रूपान्तरण' भन्ने नाराका साथ अन्तर्राष्ट्रिय युवा दिवस मनाउनका लागि युएनडीपीले राष्ट्रिय युवा परिषद्सँग साझेदारी गरेको थियो । उक्त कार्यक्रममा विभिन्न संघसंस्थाका पाँच सयभन्दा बढी युवाको सहभागिता थियो ।

यसका अतिरिक्त अन्तर्राष्ट्रिय स्वयंसेवा दिवस मनाउने क्रममा समावेशी स्वयंसेविता निर्माणका लागि यूएनभीएस र राष्ट्रिय परिषद् संयुक्त रूपमा प्रदेश १, २ र ३ सहित कर्णाली र सुदूरपश्चिम प्रदेशका सात सयभन्दा बढी युवासमक्ष पुगेका थिए ।

दिगो विकासका लागि कार्य (एक्सन फर एसडीजी) पनि युएनडीपीको युवा कार्यक्रमले गरेको अर्को महत्वपूर्ण काम हो । यसले दिगो विकाससम्बन्धी आफ्नो सोच, उत्पादन वा सेवाबाट समाजमा रूपान्तरण गर्नका लागि युवा वर्गका लागि प्लेटफर्म निर्माण गरेको छ । यस्तै चुनौती र अवसर नामक यूएनभी सम्मेलन पनि अर्को महत्वपूर्ण काम हो, जसले स्वयंसेवाको भाव प्रवर्द्धन गरेको छ ।



**संयुक्त राष्ट्र संघ स्वयंसेवकको आवाजः अरुण पौडेल**

पछिल्ला प्रविधिजन्य अन्वेषणलाई संस्थागत गर्दै राष्ट्रिय आपत्कालीन सञ्चालन केन्द्र (एनईओसी) मा रहेको विपद् जानकारी व्यवस्थापन प्रणाली (डीआईएमएस) को प्रभावकारी विकास र सञ्चालनका लागि यूएन स्वयंसेवकका रूपमा सन् २०१६ देखि योगदान गर्दै आएको छु । विपद् क्षेत्रमा संलग्न विभिन्न मन्त्रालय र निकायलाई साझेदारी प्लेटफर्म प्रदान गर्ने डीआईएमएसको उद्देश्य हो ।

विपद्को उच्च जोखिममा रहेको मुलुकमा नेपाल पनि पर्छ । त्यसकारण प्रभावकारी डीआईएमएस अत्यावश्यक छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सन्दर्भमा एनईओसीको अल्पकालीन तथा दीर्घकालीन आवश्यकता हासिल गर्ने गरी डीआईएमएसको सञ्चालनका लागि मैले सहायता गरिरहेको छु । यसमा घटनाहरूको प्रतिकार्य गर्ने, जोखिम सूचकहरूको अनुगमन गर्ने, स्रोत परिचालन गर्ने, जोखिम जानकार योजना र नीति निर्माणका लागि विपद् तथ्यांकहरू विश्लेषण गर्नेसहितका कामहरू यसमा पर्छन् ।

१० जना यूएनभी सूचना प्रविधि विज्ञहरूलाई सातै प्रदेशमा परिचालन गरेर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गतको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम-दोस्रोलाई सरकारी कार्यविधिको डिजिटलाइज गर्नका साथै संक्रमणकालीन संघीयताको अंगका रूपमा स्थानीय सरकारलाई सूचना प्रविधिसम्बन्धी पूर्वाधार सुदृढीकरण तथा मर्मत सम्भारका लागि पनि यूएनभीएसले सहायता गरिरहेको छ ।

# युएनडीपी र

# संयुक्त राष्ट्रसंघ प्रणाली



महिला हिंसाविरुद्ध गरिएको ग्लोबल अरेन्ज दि वर्ल्ड अभियानलाई समर्थन गर्दै अन्य संयुक्त राष्ट्रसंघीय निकाय र प्रदेश सरकारसँग मिलेर युएनडीपीले सबै प्रदेश सभा भवनलाई सुन्तला रङले रंग्याउने अभियानमा सहभागी भएको थियो। **किरण पाण्डे, युएनडीपी नेपाल**

UNFPA | WFP | UN HABITAT | UNHCR | unicef

FAO | IFAD Investing in rural people | ILO | IOM • OIM | UNDSS

UNAIDS | UNCDF | UN | UNESCO | UN Volunteers

संयुक्त राष्ट्रसंघ प्रणालीको अभिन्न सदस्यका रूपमा युएनडीपीले नेपालमा काम गर्छ। युएनडीपीको नेपालस्थित कार्यालयको कामको ठूलो हिस्सा भनेको संयुक्त राष्ट्रसंघको आवासीय प्रतिनिधिको नेतृत्वमा रहेको संयुक्त राष्ट्रसंघ नेपाल समूहलाई सघाउनु हो।

सन् २०१८ मा नेपाल सरकार र युएनडीपीले कन्ट्री प्रोग्राम डकुमेन्ट सीपीडी (२०१८-२०२२) को तयारी गर्नुका साथै आगामी तीन वर्षका लागि यसको प्राथमिकता तय गरेका थिए। यही समीक्षाका आधारमा युएनडीपीले नयाँ संघीय संरचनाअनुसार प्रदेश र स्थानीय सरकारको नेतृत्वमा दिगो विकास लक्ष्य स्थानीयकरण प्रक्रियालाई थप प्रभावकारी बनाउन आफ्ना कार्यक्रमहरूलाई संशोधन गरेको थियो। नेपाल सरकारले स्वीकृत गरेको संयुक्त राष्ट्रसंघ विकास सहायता राष्ट्रिय प्रारूप (यूएनडीएएफ) सँग मिल्ने गरी सीपीडीले युएनडीपीको कामलाई मुख्य तीन भागमा वर्गीकरण गरेको छ : समावेशी आर्थिक वृद्धिको प्रवर्द्धन, लोकतान्त्रिक शासनको प्रवर्द्धन र उत्थानशीलता निर्माण।

संयुक्त राष्ट्रसंघ प्रणालीअन्तर्गत काम गर्दा युएनडीपीले सक्रियतापूर्वक दिगो विकास कार्यदल, यूएन सञ्चार समूह र लैंगिक विषयगत समूहजस्ता विषयगत समूहसँग सक्रियतापूर्वक सहभागी भई यसको नेतृत्व पनि गरेको छ। संयुक्त राष्ट्रसंघको एकै पहिचानलाई सञ्चार गर्दै युएनडीपीले संयुक्त राष्ट्रसंघीय निकायसँग मिलेर संयुक्त रूपमा जलवायु परिवर्तन अनुकूलन, दिगो विकास लक्ष्य, महिला सशक्तिकरण र कोही पनि पछि नछुटुन् भन्ने जस्ता विषयमा वकालत र चेतनामूलक कार्यक्रम गर्न हातेमालो गरिरहेको छ।

महिलाविरुद्ध हुने हिंसाविरुद्ध १६ दिने अभियान मनाउनका लागि युएनडीपीसहित संयुक्त राष्ट्रसंघीय निकायले जनकपुरमा वुमन अफ दि वर्ल्ड कार्यक्रम आयोजनाका लागि ब्रिटिस काउन्सिलसँग सहकार्य गरेका थिए। महिला र पुरुषसहित सयौं मानिसहरू कार्यक्रममा सहभागी भई सबै महिलाका लागि सुरक्षित र हिंसारहित जनकपुरका लागि नारा लगाएका थिए। नोभेम्बर २२ देखि २४ सम्म भएको काठमाडौं-सिन्धुली-जनकपुरसम्मको साइबर र्‍यालीमा सहभागिताका लागि संयुक्त राष्ट्रसंघले १० जना महिला साइकल चालकलाई सहायता प्रदान गरेको थियो। उनीहरूले हिंसारहित सार्वजनिकस्थल र दुर्व्यवहाररहित खेलकुद कार्यक्रमको महत्वबारे सन्देश प्रवाह गरेका थिए।

यूएन वुमन, युएनडीपी, यूएनएफपीए र आरसीओले संयुक्त रूपमा गैरव्यापारिक भूमिकाका महिलाहरूको उपलब्धि र नेतृत्वलाई प्रकाश पार्दै काठमाडौंमा फोटो प्रदर्शनी आयोजना गरेका थिए। सयौंले अवलोकन गरेको उक्त प्रदर्शनीमार्फत परम्परागत लैंगिक भूमिकासम्बन्धी अवधारणा भत्काउन सहयोग पुगेको छ।

सन् २०१९ मा संयुक्त राष्ट्रसंघले गृह मन्त्रालयलाई यूएनएसआरसी १३२५, १८२० र त्यसपछि भएको घोषणापत्रको आधारमा राष्ट्रिय कार्ययोजना दोस्रो तयार पार्न प्रदेश र राष्ट्रिय तहमा शृंखलाबद्ध परामर्श कार्यक्रम आयोजनाका लागि सहायता प्रदान गरेको थियो। राष्ट्रिय, प्रदेश र स्थानीय तहमा परामर्श कार्यक्रम आयोजना गरी राष्ट्रिय कार्ययोजना दोस्रोको मस्यौदा तयार पार्नका लागि यूएनआरसीओ, युएनडीपी, आईओएम, यूएन वुमनले प्राविधिक रूपमा सहयोग गरेका थिए।

युएनडीपी र युनिसेफले नेप्लिज युथ फर क्लाइमेट एक्सन (एनवाईसीए) सँगको साझेदारीमा संयुक्त रूपमा काठमाडौंमा यूएन युथ क्लाइमेट समिटको नमुना अभ्यास आयोजना गरिएको थियो, जसमा सहभागी विद्यार्थीहरूले जलवायु संकटको विषयमा ध्यान केन्द्रित गर्नका लागि प्रदेश र राष्ट्रिय नेताको भूमिका अभ्यास गरे। यो नमुना अभ्यास नेपालमा जलवायु परिवर्तनको प्रभावका साथै सरकार र अन्य सरोकारवालाले अंगीकार गरेको न्यूनीकरणका उपायहरूको विषयमा केन्द्रित थियो।

यो वर्ष युएनडीपीको निर्वाचन सहायता परियोजना (ईएसपी) र युनेस्कोले युरोपियन युनियनको सहयोगमा भक्तपुरका २२ वटा स्थानीय सिकाइ केन्द्रको क्षमता अभिवृद्धिका लागि सहायता प्रदान गरेको छ। कार्यशालाले सामुदायिक नेतृत्व र सामाजिक रूपमा पिछडिएका समुदायका व्यक्तिहरूलाई मतदाता शिक्षा, नागरिक शिक्षा, व्यवस्थापन, निर्वाचन प्रक्रिया, निर्वाचन चक्र तथा निर्वाचनसम्बन्धी प्रावधान र विश्वसनीय निर्वाचनका लागि नागरिकको सहभागिताका विषयमा बुझाई अभिवृद्धिका लागि सहयोग गरेको छ। सामुदायिक सिकाइ केन्द्र समुदायमा आधारित अनौपचारिक शैक्षिक संस्था हुन्, जसले विद्यालय बाहिर रहेका विद्यार्थी, युवा, अशिक्षित वा अर्ध-शिक्षित प्रौढ तथा सामाजिक रूपमा पिछडिएका ग्रामीण तथा सहरी भेगका मानिसहरूलाई सिकाइ अवसर र सेवाको व्यवस्थापन गर्छन्।

# आर्थिक सहयोग र साझेदारी

सन् २०१९ मा युएनडीपीले नेपालमा विभिन्न परियोजना कार्यान्वयनका लागि कुल २४.५२ मिलियन अमेरिकी डलर रकम खर्च गऱ्यो, जुन युएनडीपीको आफ्नो मुख्य कोष, साझेदार, द्विपक्षीय तथा बहुपक्षीय निकाय र विषयगत तथ विभिन्न कोषबाट प्राप्त भएका थिए। सन् २०१९ मा खर्च गर्नका लागि स्वीकृत कुल बजेटको यो ९२ प्रतिशत हो।


कुल खर्चमध्ये ३१.८२ प्रतिशत रकम युएनडीपीको मुख्य कोषबाट खर्च भएको हो भने बाँकी ८६.१८ प्रतिशत रकम द्विपक्षीय तथा बहुपक्षीय निकाय र अन्य स्रोतबाट परिचालन गरिएको हो।

सन् २०१९ मा युएनडीपीले गरेको खर्चलाई प्रतिबद्धता नतिजा क्षेत्रअनुसार वर्गीकरण गर्दा करिब एक तिहाइ कार्यक्रम खर्च उत्थानशीलता र पुनर्निर्माण (३७ प्रतिशत) खर्च भएको छ भने समावेशी आर्थिक वृद्धि र कानुनी शासनमा क्रमशः ३३ र ३० प्रतिशत खर्च भएको छ।


युएनडीपीसँगको साझेदारीका लागि नेपाल सरकारले सन् २०१९ मा १.६५ अमेरिकी डलर रकम आफ्नो आन्तरिक स्रोतबाट योगदान गरेको छ।

## सन् २०१९ का खर्चहरू


| दातृ निकाय | खर्च (अमेरिकी डलरमा) | प्रतिशत |
|---|---|---|
| युएनडीपी | ७,८०१,२९३ | ३१.८२ |
| डीएफआईडी | ३,७४३,९०६ | १५.२७ |
| नर्वे | ३,२६५,०७५ | १३.३२ |
| भारत | २,६३४,८८० | १०.७५ |
| नेपाल | १,६५२,१३७ | ६.७४ |
| युरोपियन युनियन | २,२६७,६३६ | ९.२५ |
| कोरिया | १,१९७,४१७ | ४.८८ |
| थाइल्यान्ड | ८९७,९४५ | ३.६६ |
| अस्ट्रेलिया | २८४,५९५ | १.१६ |
| जीसीएफ | २६०,७३५ | १.०६ |
| जीईएफ | १४१,८९७ | ०.५८ |
| बेल्ही ग्रुप | ९९,३६० | ०.४१ |
| जर्मनी | ८९,६९१ | ०.३७ |
| क्तार | ६४,४७२ | ०.२६ |
| स्विट्जरल्यान्ड | ५०,५७६ | ०.२१ |
| अन्य | ६८,७६२ | ०.२८ |
| **कुल** | **२४,५२०,३७८** | **१००.००** |




**विषयगत क्षेत्रका आधारमा खर्च**





**क्षेत्रगत आधारमा खर्च**




**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा खर्च**

## दिगो विकास लक्ष्यका आधारमा खर्च





**LEGEND**

१. गरिबीको अन्त्य
२. भोकमरीको अन्त्य
३. स्वस्थ र सम्मुन्नत समाज
४. गुणस्तरीय शिक्षा
५. लैङ्गिक समानता
६. स्वच्छ पानी तथा सरसफाइ
७. स्वच्छ ऊर्जामा सहज पहुँच
८. मर्यादित रोजगार तथा आर्थिक वृद्धि
९. उद्योग पूर्वाधार र नवीन सिर्जना
१०. असमानता न्यूनीकरण
११. दिगो सहर र समुदायहरु
१२. जिम्मेवार पूर्ण उपभोग तथा उत्पादन
१३. जलवायुमा परिवर्तनमा तत्काल पहल
१४. जलमुनिको जैविक विविधताको संरक्षण
१५. जमिनमाथिको जैविक विविधताको संरक्षण
१६. शान्ति, न्याय र सशक्त निकाय
१७. लक्ष्य प्राप्तीका लागि साझेदारी

# योगदान पुऱ्याउने साझेदार निकायहरू

**नोट**: यस सूचीले द्विपक्षीय र बहुपक्षीय दातृ निकायहरु मात्र समेट्दछ। कृपया दातृनिकायको पुरा सूचीको लागि "वित्तीय सहयोगको स्रोतहरु र साझेदारी" लाई उद्धृत गर्नुहोस्।


अस्ट्रेलिया


चीन


डेनमार्क


यूरोपेली संघ


फिनल्याण्ड


जर्मनी


भारत


नेपाल


नर्वे


कतार


गणतन्त्र कोरिया


स्विजर्ल्यान्ड



थाईल्यान्ड


संयुक्त अधिराज्य

युएनडीपी हाम्रो मुख्य दातृनिकायहरुप्रति आभारी छ, जसले युएनडीपीलाई विश्वव्यापी तहमा लामो समयदेखि सहायता गर्दै आएका छन्। हाम्रा धेरै मुख्य दातृ निकायहरुले विश्वव्यापी तहमा आफ्नो सहयोग गर्नुका अतिरिक्त युएनडीपी नेपाललाई पनि प्रत्यक्ष वित्तीय सहायता प्रदान गर्दै आएका छन्। मुख्य दाताहरु ती हुन्, जसले युएनडीपीलाई नियमित स्रोतहरु प्रदान गर्दछन् र यसै जगमा टेकेर युएनडीपीले विश्वका गरिव राष्ट्रहरुलाई तिनको गरिवी, असमानता उन्मूलन गर्न, दिगो विकास हासिल गर्न र सङ्कटका बेला उत्थानशिलता अभिवृद्धि गर्न सहयोगीसिद्ध भएको छ। युएनडीपीको मुख्य स्रोतहरुले विकास आवश्यकता र आपतकालमा समन्वयकृत, लचकदार, र द्रुत प्रतिकार्य गर्न दक्षता प्रदान गर्दछ; बहु-क्षत्रीय र एकीकृत समाधानको लागि क्षमता प्रदान गर्दछ; मुलुकहरुलाई दिविलका लागि वित्तीय सहायता बढाउन मद्दत गर्दछ; र वैचारिक नेतृत्व सुदृढ बनाउँछ, आविष्कार र गुणस्तर निस्चित गर्दछ। मुख्य दशवटा दाताहरु संयुक्त अधिराज्य (बेलायत), जापान, स्वीडेन, संयुक्त राज्य अमेरिका, नर्वे, जर्मनी, स्वीजरल्याण्ड, नेदरल्याण्ड, क्यानडा र डेनमार्क रहेका छन्।

# युएनडीपी नेपालः
# हामी कहाँ काम गर्छौं ?

जनवरी २०१९ सम्मको तथ्यांक




**युएनडीपी शाखा कार्यालय**

- जनकपुर
- बुटवल (गण्डकी प्रदेश समेटेको)
- सुर्खेत
- धनगढी

**राष्ट्रिय कार्यालय**

काठमाडौं

**युएनडीपी नेपालको योजनाबद्ध लगानी क्षेत्र**

**२ । ६ ।**

**सुदूरपश्चिम प्रदेश**





यस प्रतिवेदनमा २०१९मा प्राप्त गरेको उपलब्धिहरु समावेश गरिएको छ । यो सबै युएनडीपी नेपाल अन्तर्गत मुख्य कार्यालय र परियोजनामा कार्यरत लगनशील कर्मचारीको सहयोगमा भएको हो । २०१९ मा युएनडीपी नेपालको टिम ।

**आइसानी मेडागंगोडा लाबे**, आवासीय प्रतिनिधि
**बर्नार्डो कोको**, सहआवासीय प्रतिनिधि

आइसानी मेडागंगोडा लाबे
बर्नार्डो कोको
अधिकारी चिरंजीवी
अधिकारी शिव प्रसाद
अमात्य अम्बिका
आले शैलजा
अर्याल सुदिप
बज्राचार्य अलिस्का
बज्राचार्य पूर्णिमा
बस्नेत विजेंद्र
भट्टराई मधुसुदन
भट्टराई राजु
बिस्ट आरती
बिस्ट दिनेश
बी.के लक्ष्मी
चन्द धन बहादुर
चन्द्रिका अनिल
चौधरी सजना
क्षेत्री रीना
क्षेत्री शीला
डा क्रुज, भिन्सेन्ट
ढकाल नारायण
डंगोल मचा
डंगोल मोती काजी
गौतम सतीश
गौतम सुदिप
गौतम सुशील
घरती नीतु
गुरुङ्ग उमेश कुमार
ज्ञवाली बिसम
झा बिपुल कुमार

केनदेरि पेट्रिट
काफ्ले भास्कर
कर्माचार्य बन्दना
करंजीत शान्ति
केसी अनिल
केशरी विजय
खनाल मुकुन्द मणि
खत्री बिरोचन
खवास लक्ष्मण
किम जियुन
किम कियोन
टमटा टेक
ताम्राकार निरंजन
तामाङ कमला
तुलाधर पुष्पा
थारु राम बहादुर
थापा गोविन्द
दधिराम
नेपाल डम्बर प्रसाद
नरसिंह रामराज
मगर बिन्दा
महर्जन बाल कृष्ण
महर्जन सुरेश
मानन्धर सुमन शेखर
मास्के सौजन्य
मुरे सुस्मा
पाल्मर यासले
पौडेल बलराम
पौडेल गोविन्द
राई गितान्जली
राई अमृता

राई नेहारिका
राई प्रज्ञाजन यालाम्बर
राई सगुन
राजभण्डारी शैलेन्द्र
रञ्जितकार ऋचा
रिजाल होम बहादुर
लाखे राजेन्द्र
लामा इदेन
लिम्बु बीर बहादुर
लिम्बु श्रीजना
लुइटेल ईन्द्र कुमार
सरकार कल्पना
शाक्य कल्पना
शाक्य बसुन्धरा
शर्मा शीला
शेर्पा गोम्बा
श्रेष्ठ बीना लक्ष्मी
श्रेष्ठ बिजेंद्र कुमार
श्रेष्ठ दधी राम
श्रेष्ठ दिपक
श्रेष्ठ ईश्वर
श्रेष्ठ ज्योति
श्रेष्ठ लक्ष्मण राजा
श्रेष्ठ मनिक लाल
श्रेष्ठ नबीना
श्रेष्ठ निराज
श्रेष्ठ राज बहादुर
श्रेष्ठ रसेन्द्र मान
श्रेष्ठ सुधीरा
शर्मा यमनाथ
सिद्धीकी रफीक अहमद

सिग्देल कमलराज
सिग्देल सन्तोष
सिंह बैजन्ती
सिंह विजय
सोब सुरेन्द्र
स्थापित लीला
सुब्बा शान्ता
स्वर्णकार धर्म
त्रिपाठी प्रमिला


डिजाइन् तथा छपाई प्रक्रिया :

**दि स्क्वायर डिजाइन कम्युनिकेसन प्रा.लि.**
ज्वागल, कुपोन्डोल, ललितपुर, नेपाल
फोन नं. ९७७ १ ५२६० ९६३/५५३१ ०६३
www.thesquare.agency

सम्पादिक
**टम उडह्याच**

**नेपालमा छापिएको**



**संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम**
संयुक्त राष्ट्रसंघ भवन, ललितपुर
फोन नं. (९७७–१) ५५२३२००
फ्याक्स नं. (९७७–१) ५५२३९९१/५५२३९८६

UNDP

www.np.undp.org

www.facebook.com®undpnepal www.twitter.com®undpnepal www.youtube.com®undpnepal